इराकको राष्ट्रपतिमा रशिद निर्वाचित | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १४३ • २०७९ साल आश्विन २९ गते शनिबार (15 October, Saturday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## प्रभु र सुरिता पार्टीबाट आउट

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका मधेश प्रदेश सह-इन्चार्ज प्रभु साह र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेतृ सुरिता साहलाई पार्टीवाट निष्काशन गरिएको छ।

नेकपा एमालेका नेता प्रभु साहलाई पार्टीले टिकट दिए पनि मनोनयनपत्र दर्ताको दिन अन्तिम समयमा आएर उनले स्वतन्त्रबाट उम्मेदवारी दर्ता गराएको र पार्टीको गतिविधि विरुद्ध लागेका कारण उनलाई पार्टीबाट निष्काशन गरिएको पार्टीका महासचिव शंकर पोखरेलले जानकारी दिएका छन् ।

आगामी प्रतिनिधिसभा निर्वाचनका लागि रौतहट-३ बाट एमालेको टिकट बहिष्कार गरेर स्वतन्त्र उम्मेदवारी दिएपछि उनलाई निष्काशन गरिएको छ।

जनता समाजवादी पार्टीसंग चुनावी तालमेल गर्ने एमालेको निर्णयप्रति असहमति जनाउँदै स्वतन्त्र उम्मेदवारी दिएका साहले दाबी गरे पनि यसमा कुनै सत्यता नभएको उनलाई नजिकबाट बुझ्नेहरूले बताएका छन् । राजनीतिक जीवनको सुरुवातदेखि नै साहमा अस्थिर चरित्र हावी हुँदै आएको देखिन्छ।

२०५४ सालको स्थानीय निर्वाचनमा साह एमालेबाटै रौतहटको पतौरा गाविसमा वडाध्यक्षमा निर्वाचित भएका थिए । साबिकको पतौरा गाविस उपाध्यक्ष सत्यनारायण राउतलाई २०५७ सालमा तत्कालीन जिविस सभापति राजेन्द्र पटेलको निवासमा कार्यवाहक अध्यक्ष बनाउन उनी हातपातमासमेत उत्रेका थिए। सोही वर्ष मौलापुर चिरचिरास्थित प्रहरी बस्न छोडेको प्रहरी चौकीमा माओवादीहरूसंग मिलेर आगजनी गरे। त्यही घटना जोडिएपछि उनी फरार भएका थिए । फरार रहेको अवस्थामा उनलाई २०५७ सालमा माओवादीले सम्पर्क गरी आफ्नो पार्टीमा भित्र्याएको थियो।

भूमिगत माओवादी पार्टीले उनलाई मधेशी मुक्ति मोर्चामा संगठित गरेर मधेशमा खटायो । मधेशका माओवादी नेता मातृका यादव र साहबीच लामो समयसम्म सम्बन्ध कायम रहन सकेन।

मधेश प्रदेशमा रघुवीर महासेठको प्रवेशपछि उनीसंग साहको टकराब बढ्न थाल्यो। त्यसपछि साह अध्यक्षबाट हटाइए र ज्वाला साहले अध्यक्षको जिम्मेवारी पाइन्।

त्यसपछि दुई जनाबीच टक्कर झन् बढ्दै गयो । साह प्रदेश इन्चार्ज भएर पार्टी कब्जा गर्न चाहन्थे । तर पार्टीको दसौँ महाधिवेशनपछि रघुवीर महासेठ पार्टी सचिव र इन्चार्जसमेत बनाइए । त्यही दिनदेखि उनको पार्टीबाट बहिर्गमनको तयारी सुरु भएको थियो । अहिले आएर सोही योजनालाई पूर्णता दिइएको रौतहटका एमाले नेता कार्यकर्ता बताउँछन् ।

मधेश प्रदेशको इन्चार्ज बनेर शक्तिसहित चलखेल गर्ने योजनामा साह रहेका थिए। सोही कारण उनले विधान महाधिवेशन बहिस्कार गरे।

यता, नेपाल सद्भावना पार्टीवाट राजनीतिक यात्रा शुरु गरेकी महोत्तरी निर्वाचन क्षेत्र नम्वर २ को (ख)वाट गत निर्वाचनमा प्रदेश सभामा विजयी भएकी सुरिता साहलाई उम्मेदवारी फिर्ता नलिएको भन्दै पार्टीले निष्काशन गरेको छ। महोत्तरी २ लोसपा र कांग्रेसको साझा क्षेत्र छ त्यहाँ प्रतिनिधिसभा र प्रदेश सभा (क) लोसपाले पाएको छ भने प्रदेशसभा (ख) कांग्रेसले पाएको छ। तर, उनले उम्मेदवारी फिर्ता नलिएपछि उनलाई पार्टीवाट निष्काशन गरिएको जनाइएको छ।

### कांग्रेससंग जसपाको प्रतिशोध
## मधेश प्रदेशमा कांग्रेसका तीन मन्त्री वर्खास्त





**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)ले नेपाली कांग्रेससंग आफ्नो प्रतिशोध पूरा गरेको छ। बिहीबार कांग्रेस नेतृत्वको सरकारले संघमा रहेका जसपाका चार मन्त्रीलाई वर्खास्त गरेको थियो भने शुक्रबार मधेश प्रदेशमा जसपाले कांग्रेसका तीन मन्त्रीलाई बर्खास्त गरेको छ।

जसपाले भने मधेश प्रदेश सरकारबाट कांग्रेसका मन्त्रीलाई हटाए पनि सत्ता गठबन्धनमा रहेका दुई दल माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका मन्त्रीहरुलाई छोएका छैनन्। जब कि गठबन्धनमा आवद्ध माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसंग सहमति गरेर नै प्रधानमन्त्री शेरबहादुर देउवाले संघीय सरकारमा जसपाका चारजना मन्त्रीलाई बर्खास्त गरेका थिए। जसपाका मन्त्रीलाई हटाउन गठबन्धनमा रहेका दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेकपा (एस) का अध्यक्ष माधव कुमार नेपालले पनि सहमति दिएका थिए।

तर यी दुई दलका मन्त्रीलाई जसपाले हटाएन। जसपाका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमन भन्छन्-'हामीले सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्र र नेकपा (एस) संग मित्रवत् व्यवहार गरेका छौँ । कांग्रेसले हामीसँग जस्तो व्यवहार गरेको छ त्यस्तै व्यवहार हामीले पनि गर्‍यौँ ।'

प्रधानमन्त्री देउवाले सत्ता गठबन्धनको सहमतिमा भन्दा पनि एकल निर्णयबाट आफ्ना पार्टीका मन्त्रीहरूलाई हटाएको बताउँदै उनले आफूहरूले पनि कांग्रेसकै मन्त्रीलाई मात्र हटाएको जानकारी दिए।

माओवादी केन्द्र र नेकपा (एस) का मन्त्रीलाई तत्कालै नहटाउने तर उनीहरू मन्त्रीबाट कहिले हट्ने भन्ने त्यो उनीहरूको दलको व्यवहारमा भर पर्ने सुमनले बताए। उनले भने, 'हामीले जसरी माओवादी केन्द्र र नेकपा (एस) संग व्यवहार गर्‍यौं, त्यस्तै व्यवहारको अपेक्षा हामीले पनि गरेका छौँ।'

जसपाका अध्यक्ष उपेन्द्र यादव र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीचको सम्बन्धबारे सबैलाई थाहा छ। उपेन्द्र यादव पनि पूर्व माओवादी नै हुन् । माओवादी छाडेर आफ्नो छुट्टै पार्टी बनाए पनि प्रचण्ड र उपेन्द्र यादवको राजनीतिक यात्रा संगसंगै रहेको छ। त्यसैले माओवादी केन्द्रको हकमा उपेन्द्र यादवले कुनै 'हतार'मा निर्णय लिन नसक्ने राजनीतिक विश्लेषकहरूको बुझाइ छ । राजनीतिक विश्लेषक रोशन जनकपुरी भन्छन्-'यत्रो उथल पुथल हुँदा पनि उपेन्द्र यादवले प्रचण्डसंग सम्बन्ध बिगार्न नचाहेको कुरा यो घटनाले पुष्टि हुन्छ।' जसपा अध्यक्ष उपेन्द्र यादवले आफ्नो भोलिको सम्बन्धलाई सुरक्षित राख्न यो कदम चालेको हुनुपर्छ भन्दै उनले चुनावपछि एमाले-जसपा गठबन्धनको सरकार बन्ने सम्भावना नरहेको र चार दलीय गठबन्धनको सरकार नै बन्ने दाबी गरे। त्यो सरकारका लागि पनि आफ्नो स्थान बनाउन यादवले यो कदम चालेको हुनुपर्ने उनको बुझाइ छ।

नेकपा (एस) का अध्यक्ष माधवकुमार नेपालसँग भने यादवको सम्बन्ध सामान्य छ। त्यही भएर अध्यक्ष यादवले नेकपा (एस) प्रति नरम व्यवहार देखाएको जसपाका एक नेताले बताए। यादव कम्युनिष्ट पृष्ठभूमिका भएका कारणले पनि हुनसक्छ माओवादी केन्द्र र नेकपा (एस) लाई छोएका छैनन् । जसपाका अध्यक्ष यादव उम्मेदवारी दिएको सप्तरी-२ नम्बर क्षेत्रमा गठबन्धन दलका कसैले पनि उम्मेदवारी दिएका छैनन्। महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले कांग्रेससँग सहमति गरेर सो क्षेत्रमा जेपी ठाकुरलाई उठाएको छ। जेपी ठाकुरलाई सत्ता गठबन्धनको समर्थन रहेको छ। सप्तरी २ (ख) मा जसपाले पनि माओवादी केन्द्रका उम्मेदवारको विरुद्धमा बलियो उम्मेदवार खडा गरेको छैन। जसपाले लक्ष्मण यादवलाई उम्मेदवार बनाएको छ। माधवकुमार नेपालको क्षेत्रमा पनि जसपाले उम्मदवारी दिएको छैन । एमाले-जसपा गठबन्धनबाट एमालेको तर्फबाट अजय गुप्ताले उम्मेदवारी दिएका छन्।

प्रचण्ड उठेको गोरखा क्षेत्र नम्बर २ मा पनि जसपाले उम्मेदवारी दिएको छैन। त्यहाँ पनि एमालेका तर्फबाट अब्दुस सलाम मियाँले उम्मेदवारी दिएका छन्। माओवादी केन्द्र र नेकपा (एस) प्रति जसपा जति नरम छ, एमाले त्यति नै कडा छ।







# नौ सय बढी आरोहीले लिए विभिन्न हिमाल आरोहणको अनुमति

काठमाण्डु । यस वर्षको शरद ऋतुको हिमाल आरोहणका लागि एक सय आठ आरोही समूहका नौ सय एक आरोहीले आरोहण अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार यस सिजनमा सगरमाथा (८,८४८.८६ मिटर), मनास्लु (८,१६३ मिटर) लगायत ३५ हिमाल तथा चुली आरोहणका लागि धमाधम आरोही आइरहेका छन् । यस अवधिमा सबैभन्दा बढी मनास्लु आरोहणका लागि ३८ आरोही समूहका चार सय चार आरोहीले आरोहण अनुमति लिएका छन् ।

विभागको पर्वतारोहण शाखाको विवरणमा सगरमाथा आरोहणका लागि एक समूहका पाँच आरोहीले अनुमति पाएका छन् । अमाडब्लम (६,८१४ मिटर) हिमाल आरोहणमा ११ आरोही समूहका एकसय ३१ ले अनुमति पाएका छन् । हिम्लुङ हिमालका (७,१२६ मिटर) मा १४ आरोही समूहका एक सय ४४ ले आरोहण अनुमति लिएका छन् ।

यस्तै, धौलागिरि (८, १६७ मिटर) आरोहणका लागि चार आरोही समूहका ३४, नुप्से (७,८५५) आरोहणका लागि एक समूहका आरोहीले अनुमति लिएका छन् । अमाडब्लडलगायत मिहाल आरोहणका लागि अहिले पनि आरोहण अनुमति जारी भइरहेको विभागले जनाएको छ । यस सिजनमा हिमाल आरोहणबाट हालसम्म सात करोड १० लाख ३१ हजार छ सय ४७ रोयल्टी जम्मा भएको विभागले जनाएको छ । हिमाल आरोहणका लागि हालसम्म नेपालसहित ६८ मुलुकका नौ सय एक आरोही यहाँ आएका हुन् ।

**सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले आठ हजार १६३ मिटर अग्लो मनास्लुको सफल आरोहण गर्नुभएको थियो ।**

विभागका महानिर्देशक होमप्रसाद लुईंटेलले आरोहण धमाधम चलिरहेको जानकारी दिनुभयो । उहाँले अहिले पनि केही हिमालमा आरोहण अनुमति पनि जारी भइरहेको बताउनुभयो । उहाँका अनुसार मनास्लु आरोहण लगभग सकिएको छ तर, के-कति सङ्ख्यामा आरोही मनास्लुको चुचुरोमा पुगे भन्ने विस्तृत विवरण आइसकेको छैन । अघिल्ला वर्षमा भै यो वर्ष पनि मनास्लु आरोहणमा आरोहीको आकर्षण देखिएको छ । विश्वको आठौं अग्लो र नेपालको सातौं अग्लो मनास्लु हिमाल आरोहणका लागि सर्वाधिक सङ्ख्यामा आरोही गएका हुन् । शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम मानिने भएकाले सर्वाधिक आरोहीको रोजाइमा पर्ने गरेको नेपाल पर्वतारोहण सङ्घले जनाएको छ ।

सेभेन सम्मिट ट्रेक्स प्रालिका प्रबन्ध निर्देशक मिङ्मा शेर्पाले यो सिजनमा पनि धेरै सङ्ख्यामा आरोही मनास्लु आरोहणमा गएको बताउनुभयो । गोरखाको आरुघेतमा रहनुभएका उहाँले दिएको जानकारी अनुसार यस सिजनको मनास्लु आरोहण करिब अन्तिम चरणमा छ । अधिकांश आरोही आरोहण सकेर फर्किनेक्रममा रहेका छन् । उपयुक्त मौसम मानिएकाले हरेक वर्ष मनास्लु आरोहणमा सर्वाधिक आरोही आउने गरेका प्रबन्ध निर्देशक शेर्पाको भनाइ छ ।

सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले आठ हजार १६३ मिटर अग्लो मनास्लुको सफल आरोहण गर्नुभएको थियो ।रासस

# प्रतिनिधिसभातर्फ चार पदका लागि ९४ को उम्मेदवारी

**टुडे समाचारदाता**

इनरुवा । मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा अन्तर्गत सुनसरीमा प्रतिनिधिसभातर्फ चार पदका लागि ९४ जनाले उम्मेदवारी कायम राखेका छन् । जिल्लामा चार निर्वाचन क्षेत्र रहेको छ ।

निर्वाचन आयोगले तय गरेको समयभित्र मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय सुनसरीले सार्वजनिक गरेको नमावलीमा प्रतिनिधिसभामा ती उम्मेदवारी कायम भएको छ ।

सुनसरी क्षेत्र नं १ मा २० जनाले उम्मेदवारी दर्ता गराएका छन् । सुनसरी-१ मा प्रतिनिधिसभातर्फ सत्ता गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का मुक्समाहङ्ग सुब्बालाई उम्मेदवार बनाएको छ भने नेकपा (एमाले)-जसपाको तर्फबाट जनता समाजवादी पार्टी नेपालका अशोककुमार राईलाई उम्मेदवार बनाएको छ ।

जनमत पार्टीले फत्तबहादुर खडकालाई उम्मेदवार बनाएको छ । त्यसैगरी किरात खम्बुवान साझा पार्टीले देवीबहादुर राई, मङ्गोल नेशनल अर्गनाइजेशनले प्रेमबहादुर श्रेष्ठ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले सरस्वती सुब्बा, जनसमाजवादी पार्टी नेपालले मङ्गलसिंह लिम्बू, राष्ट्रिय स्वतन्त्र पार्टीले गोमा तामाङलाई उम्मेदवार बनाएको छ । स्वतन्त्रबाट कृष्णकुमार राई, तर्कबहादुर मगर, मनोजकुमार मेयाङ्वो, जीवनकला राई, कुमार कार्की, वासुप्रसाद उपाध्याय, विजयकुमार राई, सञ्जयकुमार राई, मातृकाप्रसाद भट्टराई, कुलबहादुर लिम्बू र करुणा राई उम्मेदवार छन् ।




त्यसैगरी,सुनसरी क्षेत्र नं २ प्रतिनिधिसभामा नेकपा( एमाले)ले भीमप्रसाद आचार्यलाई उम्मेदवार बनाएको छ भने सत्ता गठबन्धनले काङ्ग्रेसका सीताराम मेहतालाई उम्मेदवार बनाएको छ । राप्रपाले दिनेशकुमार बस्नेत, लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मुमताज मियाँ, जनमत पार्टीले रामानन्द मेहता, मौलिक जरोकिलो पार्टीले रोहितकुमार दुलाल, हाम्रो नेपाली पार्टीले राजेश चौधरी, नागरिक उन्मुक्ति पार्टीले दीपकराज चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले रामेश्वर साहु हल्वाई, मङ्गोल नेशनल अर्गनाइजेसनले पूर्णबहादुर गुरुङलाई उम्मेदवार बनाएको छ ।

त्यसैगरी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले नैनकुमार विश्वकर्मा, नेपाल लोकतान्त्रिक पार्टीले नुनुराम चौधरी, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले शोभावतीकुमारी चौधरी, विवेकशील साझा पार्टीले विजयकुमार बस्नेत, जनसमाजवादी पार्टी नेपालले गजेन्द्रबहादुर ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टीले लालविक्रम थापालाई उम्मेदवार बनाउँदा स्वतन्त्रबाट ललनकुमार मेहता, शर्मानन्द खतिवडा, विदुरप्रसाद पौडेल, चेतनाथ पौडेल, बविता नुन्दी, मनोजकुमार मेहता, सुरेशकुमार मेहता, श्रवणकुमार मेहता, फरेन्द्र शाह, बाबुराम सुवेदी र प्रेमप्रसाद भट्टराईले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी,क्षेत्र नं ३ मा एमालेबाट भगवती चौधरी र काङ्ग्रेसबाट विजयकुमार गच्छदारले उम्मेदवारी दिएका छन् । चौधरीलाई जसपा र गच्छदारलाई सत्ता गठबन्धनको समर्थन रहेको छ । यसबाहेक राष्ट्रिय प्रजातन्त्र पार्टीका कुलदीप चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका देवनारायण यादव (सिपलिया), मौलिक जरोकिलो पार्टीका रामेश्वर थापा, हाम्रो नेपाली पार्टीका यज्ञबहादुर कटुवाल, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजोदेवी रिषिदेव, राष्ट्रिय जनमुक्ति पार्टीका साहाउद्दिन मियाँ, काङ्ग्रेस (बिपी)का अम्बरबहादुर राउत, पिछडावर्ग निषाद दलित जनजाति पार्टीका कुन्दन बहरदार, राष्ट्रिय स्वतन्त्र पार्टीका कमलबाबु मैनालीले पनि उम्मेदवारी दिएका छन् ।

त्यसैगरी, स्वतन्त्रबाट किशोरकुमार विश्वास, कासनी थरुनी, फागु यादव, गङ्गाकुमारी खरेल, मुकेशप्रसाद ढकाल, सज्जन ऋषिदेव, सुधादेवी उराँवी, कुमारी उराँवें, स्मित कार्की, सुमनकुमारी चौधरी र सहिमुद्दिन मियाँले उम्मेदारी दिएका छन् ।

यसैगरी क्षेत्र नं ४ बाट एमालेका जगदीशप्रसाद कुसियैत, काङ्ग्रेसका ज्ञानेन्द्रबहादुर कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टीका विद्यानन्द यादव, नेपाल मजदुर किसान पार्टीका अर्जुनप्रसाद भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका कुञ्जीलाल यादवले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी जनमत पार्टीका देवराम यादव, जनता प्रगतिशील पार्टी नेपालका गुलाबचन मुसहर, नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादीका कुमार राई, नेपाल लागि नेपाली पार्टीका डम्बरबहादुर घिमिरे, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका सत्यनारायण राम, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका मोहमद सदिक मियाँ, एकीकृत शक्ति नेपालका गोपाल नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टीका जीवनकुमार श्रेष्ठले उम्मेदवारी दिएका छन् ।

यस्तै स्वतन्त्रबाट समिर मंसुरी, धिरज वर्मा, केशव उराँव, फेकन दास मोची, विद्यानन्द प्रसाद साह, खालिद हुसेन हक, श्याम प्रसाद ढकाल, केशव कार्की, डील्लीबहादुर विष्ट, मनोजकुमार मण्डल, बालेश्वर यादव र अब्दुलजब्बार अंसारीले उम्मेदवारी दिएका छन् ।

# तीन स्रष्टालाई भारती खरेल स्मृति पुरस्कार

काठमाण्डु । भारती खरेल स्मृति पुरस्कार तीन स्रष्टा र समाजसेवीलाई प्रदान गरिने भएको छ । भारती खरेल प्रतिष्ठानले विगत तीन वर्षदेखि रोकिएको उक्त पुरस्कार आगामी मङ्सिरमा मुलुकका मर्धन्य स्रष्टा र समाजसेवीलाई दिइने घोषणा गरेको हो ।

प्रतिष्ठानको शुक्रबार बसेको बैठकले विसं २०७७, २०७८ र २०७९ सालको भारती खरेल स्मृति पुरस्कार क्रमशः वरिष्ठ गीतकार किरण खरेल, माइती नेपालका संस्थापक अनुराधा कोइराला र वरिष्ठ समालोचक वासुदेव त्रिपाठीलाई दिइने निर्णय गरेको सदस्य सचिव प्रयागराज भट्टराई वाशिष्ठले जानकारी दिनुभयो । पुरस्कारको राशि नगद रु ५१ हजारसहित सम्मानपत्र रहेको छ ।

**प्रतिष्ठानको शुक्रबार बसेको बैठकले विसं २०७७, २०७८ र २०७९ सालको भारती खरेल स्मृति पुरस्कार क्रमशः वरिष्ठ गीतकार किरण खरेल, माइती नेपालका संस्थापक अनुराधा कोइराला र वरिष्ठ समालोचक वासुदेव त्रिपाठीलाई दिइने निर्णय गरेको सदस्य सचिव प्रयागराज भट्टराई वाशिष्ठले जानकारी दिनुभयो ।**

विसं २०७७ देखि स्थगित भएको यो पुरस्कार कोभिड-१९ का कारण तीन वर्षदेखि स्थगित थियो । भक्तिमती एवं विशिष्ट साहित्य साधिका स्व. भारती खरेलको ८५औं जयन्तीका अवसरमा उक्त पुरस्कार वितरण गर्न लागिएको सचिव वाशिष्ठले बताउनुभयो ।

स्व. भारती खरेलको स्मृतिमा वरिष्ठ समाजसेवी चन्द्रिकानन्द खरेल (पति), वरिष्ठ गायक दीपक खरेल (छोरा) लगायतले स्थापना गरेको प्रतिष्ठानले हरेक वर्ष मङ्सिर १६ गते एक समारोहकाबीच पुरस्कृत गर्दै आएको छ । विसं २०४९ मा स्थापना भएको प्रतिष्ठानले साहित्य साधिका तथा भक्तिमती भारती खरेलको जन्म जयन्तीको अवसरमा साहित्य, समाजसेवा, भक्तिलगायत विभिन्न क्षेत्रमा आबद्ध विशिष्ट व्यक्ति एवं संस्थालाई पुरस्कृत गर्दै आएको छ ।

विसं २०४९ मा भारती खरेल प्रतिष्ठान स्थापना भएदेखि प्रदान गर्न सुरु गरिएको यस पुरस्कार स्वामी प्रपन्नाचार्य, दयावीर सिंह कंसकार, भीमबहादुर अधिकारी, साहित्यकार एवं समाजसेवी भद्रकुमारी घलेलगायत व्यक्ति र स्वर्गद्वारी आश्रम, जाउलाखेल सत्सङ्ग परिवार, अद्वैत संस्था, महेश गुरुकुल सन्यासाश्रमलगायत संस्थालाई प्रदान गरिएको प्रतिष्ठानले जनाएको छ ।रासस

# नाप नक्सालगायत विवरण पेश गर्ने कम

काठमाण्डु । काठमाण्डु उपत्यका विकास प्राधिकरणले सार्वजनिक रुपमा प्रयोग भएका जग्गा एवं भवनको नाप नक्सालगायत कागजात पेश गर्न आह्वान गरेकामा निकै कमले मात्र यस्तो विवरण पेश गरेका छन् ।

प्राधिकरणले आगामी आइतबारभित्र नाप नक्सालगायत विवरण पेश गर्न सार्वजनिक सूचना प्रकाशित गरेकामा निकै कममात्र कागजात प्राप्त भएको सूचना अधिकारी सौरभ ढकालले राससलाई जानकारी दिनुभयो ।

प्राधिकरणले असोज २४ गते सूचना प्रकाशित गरी सात दिनभित्र काठमाण्डु उपत्यकाभित्रका सम्पूर्ण व्यापारिक भवन, संयुक्त आवास, सामूहिक आवास, शिक्षण संस्था, स्वास्थ्य संस्थालगायत सार्वजनिक रुपमा प्रयोग भइरहेका भवनका सम्बन्धित व्यक्तिलाई कागजात पेश गर्न निर्देशन दिएको थियो ।

विद्यालय, स्वास्थ्य संस्थालगायत सार्वजनिक निकाय जोखिमका भवनमा सञ्चालन भइरहेको गुनासो आएपछि प्राधिकरणले सूचना प्रकाशित गरी कागजात माग गरेको जनाएको छ । काठमाण्डु उपत्यका भूकम्पलगायत प्राकृतिक प्रकोपको जोखिममा रहेकाले सार्वजनिक भवनको अवस्था बुझ्न सूचना निकाली भवन एवं जग्गासँग सम्बन्धित विवरण माग गरिएको प्राधिकरणका प्रवक्ता नवराज प्याकुरेलले जानकारी दिनुभयो । आइतबारसम्म जति विवरण आउँछ त्यस आधारमा प्राधिकरणले थप निर्णय गर्ने जनाएको छ ।

सार्वजनिक भवन एवं संरचनालाई सुरक्षित राख्न प्राधिकरणले यस्तो विवरण माग गरेको जनाइएको छ । पेश नगर्नेलाई के गर्ने भन्ने विषयमा पनि आइतबारपछि निर्णय गरिने जनाइएको छ ।रासस

# भत्काइए थापाथलीस्थित वागमती किनारका अनधिकृत संरचना

काठमाण्डु । काठमाण्डु महानगरपालिका-११ थापाथलीस्थित वाग्मती किनारका अनधिकृत संरचना हटाउन थालिएको छ ।

नदीको बहाव क्षेत्रका सार्वजनिक जग्गामा अनधिकृतरुपमा संरचना बनाएर वाग्मती प्रदूषित बनाइएको भन्दै अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले धेरै वर्षअघिदेखि यी संरचना हटाउन खोजेको थियो ।

यी संरचना हटाउन उक्त समितिले गत माघ महिनामा पनि सूचना प्रकाशित गरी काम अघि बढाएको थियो । त्यसबेला विभिन्न समूहको दबाबमा काम रोकिएकामा अहिले काठमाडौं महानगरपालिकाको सहयोगमा ती अनधिकृत संरचना भत्काउन थालिएको समितिका सूचना अधिकारी कमल अर्यालले राससलाई जानकारी दिनुभयो ।

त्यस क्षेत्रमा निर्माण भएको श्रेदेश्वर महादेव मन्दिरको पुजारी भवन, क्रियापुत्री भवन, ओम शान्ति भवनलगायत संरचना भत्काइएको छ । थापाथली क्षेत्रमा सुकुम्बासीका नाममा नदी किनारको सार्वजनिक जग्गा कब्जा गरेर बस्नेलाई भने राजनीतिक संरक्षणको आधारमा केही नगरिएको भन्दै त्यस क्षेत्रमा विरोध पनि भइरहेको छ । सुकुम्बासीका नाममा नदी किनारको जग्गा कब्जा गर्नेलाई पनि त्यहाँबाट हटाउन नदी सफाइ अभियानकर्मीले माग गरेका छन् ।

राजधानीमा सुकुम्बासीका नाममा नदी किनारका सार्वजनिक जग्गा कब्जा गर्नेले सबैभन्दा बढी नदी प्रदूषित बनाउँछन् । सुकुम्बासीलाई इचाङ्गुनारायणमा आवासीय भवन निर्माण गरेको वर्षौं बिते पनि सर्न मानेका छैनन् । राजधानीको मुटुमा रहेको नदी किनारमै बस्न पाउनुपर्ने माग सुकुम्बासीका नाममा हुँदै आएको छ ।रासस

# पत्रकार आचारसंहिताको नियमित अनुगमनबारे काउन्सिललाई आयोगको पत्राचार

काठमाण्डु । निर्वाचन आयोगले प्रतिनिधिसभा, प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आचारसंहिता २०७९ र पत्रकार आचारसंहिता २०७३ अनुरुप भए/नभएको बारे नियमित अनुगमन गर्न प्रेस काउन्सिल नेपाललाई लेखी पठाउने निर्णय गरेको छ ।

आयोगकोशुक्रबारको बैठकले सञ्चारमाध्यमको अनुगमनको क्षेत्राधिकार काउन्सिलभित्र पर्ने विषय भएकाले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई लक्षित गरी नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक, सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, आमसंचारसम्बन्धी अन्तराष्ट्रिय मूल्य मान्यता समेतलाई सम्मान गर्दै सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रशारण हुने सामग्री निर्वाचन आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता २०७३ अनुरुप भए/नभएको नियमित अनुगमन गर्नेबारे सो निर्णय गरेको हो ।

सो निर्णयमा पत्रकार आचारसंहिता, २०७३ को दफा ९ (१) मा रहेको काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाई सोको स्वनियमन र स्वमूल्याङ्कन गर्ने छन् भन्ने व्यवस्था बमोजिम सञ्चारमाध्यम तथा सञ्चारकर्मीले निर्वाचनको समयमा पालना गर्नुपर्ने आचरणको पालनाका सम्बन्धमा सम्बन्धित सञ्चारमाध्यम स्वयंले स्वनियमनसम्बन्धी कार्यविधि बनाइ लागू गर्न सबै सञ्चारमाध्यमलाई आह्वान गर्ने र सोको लागि आवश्यक व्यवस्था गर्न गराउन पनि काउन्सिललाई लेखी पठाउने निर्णय गरेको छ ।

यस्तै आयोगले पत्रकार आचारसंहिताको दफा १२ मा काउन्सिलले निर्वाचनका क्रममा पत्रकार तथा सञ्चारमाध्यमका लागि निर्वाचन आचारसंहिता जारी गर्न सक्ने प्रावधान रहेकोले सोअनुसार प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ लाई लक्षित गरी पत्रकार तथा सञ्चारमाध्यमका लागि निर्वाचन आचारसंहिता जारी गरी सोको एक प्रति आयोगमा उपलब्ध गराउन काउन्सिललाई आग्रह गरेको छ ।निर्वाचन आयोग ऐनबमोजिम जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयन गर्न सोही ऐनको दफा २३ बमोजिम आयोगले विज्ञसमेत रहेको संयन्त्र निर्माण गर्न सक्ने प्रावधान छ ।

**निर्वाचन आयोग ऐनबमोजिम जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयन गर्न सोही ऐनको दफा २३ बमोजिम आयोगले विज्ञसमेत रहेको संयन्त्र निर्माण गर्न सक्ने प्रावधान छ ।**

सो व्यवस्था बमोजिम आयोगले निर्माण गर्ने संयन्त्रले आन्तरिक प्रयोजनका लागि सञ्चारमाध्यममा प्रकाशित तथा सामाजिक सञ्जालबाट प्रवाह हुन सक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति जाँचबुझ तथा अनुगमन गर्दा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आयोगले प्रचलित कानून बमोजिम गर्न गराउन लेखी पठाए बमोजिम आवश्यक कारवाही गरी सोको जानकारी आयोगमा गराई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र एवम् विश्वसनीय तुल्याउने आयोगको प्रयासमा सहयोग गर्न ऐन बमोजिम काउन्सिललाई निर्देशन दिएको छ । रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| वृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : अवसर प्राप्त । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : पारिवारिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हप्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शान्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००५८, ५२००५२ |
| विद्युत फ्युज शाखा | ५२०८३४, ५२०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५२०३०१/५२०३०२ |
| होटल मानकी | ९८१५८९३४३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४:०० बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राष्ट्रिय बचत तथा ऋण सहकारी संस्थाको साधारणसभा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको जनकपुरधाम पिडारी चोकस्थित राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २१ औं वार्षिक साधारणसभा शुक्रवार सम्पन्न भएको छ।


संस्थाका अध्यक्ष विद्याकर प्रसाद साहको अध्यक्षता तथा जनकपुरधाम उपमहानगरपालिकाका उप-प्रमुख किशोरी साहको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको छ।

संस्थाको २१औं साधारणसभाको अवसरमा अध्यक्ष साहले संस्थाको चालु आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्ययोजना तथा अनुमानित आयव्यय र प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। संस्थाले चालु आर्थिक वर्ष २०७९/०८० मा १ करोड ७१ लाख ३० रुपैयाँ जम्मा आम्दानी गर्ने अनुमान गरेको छ भने गत आर्थिक २०८९/०७९ को असार मसान्तसम्ममा १ करोड १२ लाख ७३ हजार ५ सय ९१ रुपैयाँ आम्दानी गरेको छ।

जसमा संस्थाले १० लाख ३८ हजार ४ सय ९९ रुपैयाँ बचत गरेको संस्थाका प्रतिवेदनमा उल्लेख छ। यस्तै संस्थाले २०७९ भदौ मसान्तसम्ममा ६ करोड ५० लाख २० हजार १ सय ८७ रुपैयाँ ऋण लगानी गरेको छ। जम्मा १३ सय ३८ शेयर सदस्य रहेको राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शेयर पुँजी ६९ लाख ८२ हजार ५ सय रहेको छ। संस्थामा १ सय ९३ जना ऋणी रहेको प्रतिवेदनमा उल्लेख छ।

साधारणसभाको अवसरमा राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको जनकपुरधाम पिडारी चोकस्थित कार्यालयमा ए टी एम (ATM) सेवाको समेत शुभारम्भ गरिएको छ। समाधारणसभाका प्रमुख अतिथि उपमहानगरपालिकाका उप प्रमुख साह र संस्थाका अध्यक्ष साहले ए टी एम सेवाको शुभारम्भ गरे ।

२०७५ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) को सदस्यता प्राप्त गरेको सो संस्थाले गत ४ वर्षदेखि मोबाइल ब्यांकिङ्ग सेवासमेत संचालन गर्दै आएको अध्यक्ष साहले जानकारी दिए।



संस्थाले टेलिफोन, विजुली, टि.भी. नेटवर्कको विल भुक्तानीसमेत गर्ने आएको भन्ने रेमिटान्सको कारोबारसमेत गर्दै आएकाले सदस्यहरु लाभान्वित भइरहेको संस्थाका संचालक समितिका राम नगिना राउतले बताए।

यता २१औं वार्षिक साधारणसभाको अवसरमा संस्थामा आवद्ध शेयर सदस्य, ज्येष्ठ नागरिक, असल बचतकर्ता, असल ऋणीलाई सम्मानपत्रसहित दोसल्ला ओढाइ सम्मान गरिएको थियो।

संस्थाले ज्येष्ठ नागरिक महिन्द्र राउत, देवलाल ठाकुर र रामतोला देवीलाई सम्मान गरेको छ । यस्तै असल बचतकर्ताहरुमा माल्ती देवी, राजु साह, बेचन शर्मा र राघवेन्द्र मिश्रलाई सम्मान गरेको छ भने असल ऋणी तर्फ मालो देवी र उपेन्द्र मण्डललाई सम्मान गरेको छ। यस्तै संस्थाको कर्मचारीमा वरिष्ठ सहायक रामरतन रायलाई सम्मान गरिएको छ। साधारणसभाको अवसरमा संस्थाको संचालक समितिका पदाधिकारी, शेयरधनी, बचतकर्ता लगायतको उपस्थिति रहेको थियो।

सो अवसरमा जनकपुरधाम १० का वडाअध्यक्ष मिथिलेश लाल कर्ण, १३ का वाअध्यक्ष जीतबहादुर राउत, राष्ट्रिय सहकारी बैंक जनकपुरका प्रमुख विष्णु पराजुली, नेफ्स्कुन जनकपुरका कार्यालय प्रमुख राजेन्द्र ढकाल, ज्योती विकास बैंकका देवी चौलागाई, शुभारम्भ साकोसका सुधिर पाण्डे, बडहरी साकोसका गंगा बलम्पाकीले शुभकामना मन्तव्य सहित आ-आफ्नो धारणा राखेका थिए।

**नयाँ संचालक समिति चयन**

राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २१ औं वार्षिक साधारणसभाको अवसरमा निर्वाचन उप समितिले ७ सदस्यीय नयाँ संचालक समिति चयन गरेको छ। निर्वाचन उप समितिका संयोजक अधिवक्ता कालेश्वर महतोले ७ सदस्यीय संचालक समिति चयन गरिएको र सो समितिको पहिलो बैठकबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्य लगायतको पदाधिकारी तोकिने बताए।

संस्थाको संचालक समितिमा विद्याकर प्रसाद साह, रामनगिना राउत, मिथिला लाल कर्ण, मधुकर कुमार उपाध्याय, महादेव साह, श्यामिका महतो र पुजा कुमारीलाई चयन गरिएको छ। यस्तै संस्थाको लेखा सुपरिवेक्षण समितिका संयोजकमा अरुण कुमार मल्लिक तथा सदस्यमा राम नारायण मण्डल र पंकज मिश्रलाई चयन गरिएको निर्वाचन उप समितिका संयोजक महतोले जानकारी दिए। नयाँ संचालक समितिका पदाधिकारहिरुलाई सपथग्रहण समेत गराइएको छ।

# सुरक्षा व्यवस्था सुदृढ

**टुडे समाचारदाता**

जलेश्वर । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसंग सम्बन्धित सुरक्षा व्यवस्था सुदृढ बनाइदै लगिएको छ । भारतसंग खुला सीमा जोडिएको अवस्थालाई दृष्टिगत गरी एक सय ४३ मतदानस्थललाई अतिसंवेदनशील र एक सय १४ संवेदनशील घोषित गरिएको छ।

प्रमुख जिल्ला अधिकारी दीपक पहाडीका अनुसार निर्वाचनलाई मध्यनजर गर्दै यसको आवरण,निहुँमा हुनसक्ने सम्भावित अवाञ्छित घुसपैठ निस्तेज गर्न सुरक्षा प्रबन्ध सुदृढ गरिँदै लगिएको छ।

"स्थानीय (जिल्ला) प्रशासन अहिलेदेखि नै निर्वाचनसम्बद्ध सुरक्षा प्रबन्धमा जुटेको छ", उनले भने, "निर्वाचन सुरक्षा प्रबन्धका लागि अहिलेदेखि नै एक हजार पाँच सय नेपाल प्रहरी र दुई हजार आठ सय म्यादी प्रहरी परिचालित भइसकेका छन् ।" यसबाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि निर्वाचन सुरक्षामा आवश्यकतानुसार परिचालित गरिने छ।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा निर्वाचनका लागि दुई सय ५८ मतदानस्थल र चार सय ९९ मतदान केन्द्र निर्धारण गरिएका छन्।

जिल्लाका सबै मतदानस्थलको वस्तुस्थिति बुझ्री राख्न सुरक्षा निकायसहितको अनुगमन निरन्तर जारी राखिएको छ । "हामी (जिल्ला प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना) निरन्तर सबै मतदान केन्द्रको सुरक्षा अवस्था र सम्भावित चुनौतीबारे सचेत छौँ", प्रजिअ पहाडी भन्छन, "करिब ३९ किलोमिटर भारतीय सीमासँग जोडिएको हुँदा जिल्लासँग जोडिएका भारतीय जिल्ला मधुवनी र सीतामढीका सुरक्षा अधिकारीसँग पनि सीमा सुरक्षाबारे निरन्तर संवादमा छौँ।"



यो अवस्थालाई मध्यनजर गर्दै अहिलेदेखि नै आवश्यक प्रबन्धमा जुटेको बताइएको छ। जिल्लाको भौगोलिक अवस्थिति, सामाजिक परिवेश, आपराधिक गतिविधिलगायतका आधारमा मतदानस्थल र मतदान केन्द्रलाई तीन तह (अतिसंवेदनशील, संवेदनशील र सामान्य) मा वर्गीकरण गरी सोही अनुरूप सुरक्षा व्यवस्था प्रबन्ध गरिएकोजिल्ला सुरक्षा समितिले जनाएको छ।

निर्वाचन तयारीसँगै जिल्ला सुरक्षा समितिले योजनाबद्ध जनसम्पर्क बढाएको कारणले आम जनतासँगको प्रत्यक्ष साक्षात्कारबाट सुरक्षा अवस्थाबारे थप जानकारी प्राप्त हुँदै गएको र आम जनतामा पनि सुरक्षा व्यवस्थाबारे विश्वास बढेको पाइएको छ।

निर्वाचनलक्षित सुरक्षा व्यवस्था अनुसार सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेना सम्मिलित तीन तहमा सुरक्षा परिचालनको तयारी गरिएको छ । सुरक्षा बन्दोबस्ती कार्यमा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मतदानस्थल र उम्मेदवारको सुरक्षा, आचारसंहिताको सुक्ष्म अनुगमनलगायतका विषयलाई विशेष ध्यान दिएर सशस्त्र प्रहरीको कमाण्डमा सुरक्षा गस्ती परिचालन गरिएको छ।

"आम मतदाताले सुरक्षाबारे ढुक्क भएर मतदान गर्न सक्ने व्यवस्था मिलाइएको छ", पहाडी भन्छन, "जिल्लामा निर्वाचन स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न स्थानीय प्रशासन र सुरक्षा निकायको योजनामा राजनीतिक दल र सबै उम्मेदवारको सद्भाव र सहयोग आवश्यक छ।"

जिल्लाका चार प्रतिनिधिसभा र आठवटै प्रदेशसभामा गरी अहिले दुई सय २६ उम्मेदवार निर्वाचन चिह्न प्राप्त गरी चुनावी प्रचारमा लागिसकेका छन् । दलका नेता, उम्मेदवार र कार्यकर्ताको सघन गतिविधिले जिल्लामा चुनावी माहोल तात्दै छ । जिल्लामा यसपालि जम्मा तीन लाख ९७ हजार ३० मतदाता छन् । जसमा दुई लाख १५ हजार एक सय ३१ पुरुष, एक लाख ८१ हजार आठ सय ९८ महिला र एक तेस्रोलिङ्गी (अन्य) रहेका छन् ।

# टिभिएसले एक्सचेन्ज मेला आयोजना गर्दै

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालकालागि टिभिएसको आधिकारिक वितरक कम्पनीजगदम्बामोटर्सले TVS Great Grand Exchange and Finance मा बेजोड अनिअद्भुत एक्सचेन्ज मेलाको आयोजना गर्दैछ।

असोज ३१ बाट कार्तिक ५ गतेसम्म काठमाण्डुको भृकुटीमण्डपमा चल्ने यस भव्य मेलामा ग्राहकहरुले कुनै पनि ब्राण्डका पुरानो मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गर्दा आकर्षक छुट तथा उपहारहरु पाउने छन् । यस मेलामा सहभागी हुने ग्राहकले आफ्नो पुरानो मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गरेर टिभिएसको मोटरसाइकल र स्कुटर लिदा पाउने छन् बजार मूल्याकंन भन्दा रु ७,००० बढी,साथै नकिन्दै १ लाख र किन्दा १० लाखसम्मको नगद छुट पाउने छन्।




यो योजनामा आर्कष्क फाइनान्स अफर पनि समावेश छ, जस अन्तर्गत न्यूनतम २५% डाउनपेमेन्ट र रु ४,२७७को मासिक इएमआइमा मोटरसाइकल तथा स्कुटर लिन सकिन्छ। यस बाहेक ग्राहकहरुले हेलमेट, बाइक कभर, र ब्यागजस्ता उपहार पनि प्राप्त गर्न सक्ने छन्।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टिभिएसका दुई पांग्रे सवारी साधनका लागि एकमात्र आधिकारिक वितरक हो।

कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुकोबलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टिभिएसलेबजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूकोमनमस्तिष्कमा उच्च स्थान जमाउन सफल रहेका छन्।

गुणस्तरीय उत्पादनहरु,बिक्री पश्चातको उत्कृष्टसेवार देशभर जगेडापार्ट पूर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतमसन्तुष्टिका कारण आज टिभिएसनेपालका सर्वाधिक रुपमा स्थापित छ।

# पिपरामा भवन निर्माणको शिलान्यास

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको पिपरा गाउँपालिका-५ स्थित बाल विकास भवनको शिलान्यास गरिएको छ।

शुक्रबार गाउँपालिका अध्यक्ष राम जानकी यादव र उपाध्यक्ष वन्दना पाण्डेले संयुक्त रुपमा हर्दियामा बाल विकास भवनको शिलान्यस गरेका छ्न् । श्री नेपाल राष्ट्रिय जनता आधारभूत



विद्यालयमा चालीस लाखको लागतमा भवन निर्माण हुन लागेका छ। निर्माण काम एक वर्षमा सक्नु पर्ने सम्झौतामा उल्लेख छ।

स्थानीय पभोक्ता समितिमार्फत बाल विकास निर्माणको काम हुने बताइएको छ।

कार्यक्रममा वडा अध्यक्ष हरिशंकर यादव,स्कूलका प्रधानाध्यापक,स्कूलका शिक्षक, शिक्षिका आम नागरिकको उपस्थिति रहेको थियो।

# घट्स्थापनादेखि पूर्णिमा सम्ममा ४० जनाको मृत्यु

**रञ्जन यादव**

कलैया । मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले यात्रुबाहक गाडीलाई दुर्घटनाबाट बचाउन बाराको पथलैयामा सरोकारवालासँग अन्तरक्रिया गरेको छ।

अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरुले सड्कको खराब अवस्था,ट्राफिक जनचेतनाको अभाव ,गाडी समय समयमा मर्मत सम्भार नगर्नु ,एउटै चालकलाई लामो दूरीको गाडी चलाउन दिनु,सड्कमा ट्राफिक चिन्हहरु नहुनु लगायतको कारणले गाडी दुर्घटनामा वृद्धि भएको बताएका थिए।

मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक नान्ती राज गुरुङगले ट्राफिक एउटैले चाहेर ट्राफिक दुर्घटना न्यूनीकरण नहुने भएकाले सबैले आ आफनो ठाउँबाट साथ र सहयोग गर्न अनुरोध गरे।



घट्स्थापनादेखि पूर्णिमा सम्ममा मात्र मधेश प्रदेशको आठैवटा जिल्लामा ३ सय २ वटा सवारी दुर्घटना भएका छन्। जसमा ४० जनाको मृत्यु भएको छ भने ५ सय ४२ जना घाइते भएका छन्।

यो अवधिमा सवारी दुर्घटनामा परी मृत्यु हुनेमा बारामा २२ जना ,पर्सामा १४ जना ,रौतहटमा ५ जना ,सर्लाहीमा १ जना , महोत्तरीमा एक जना ,धनुषामा २ जना ,सिरहामा २ जना र सप्तरीमा एक जनाको मृत्यु भएको प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले जनाएको छ।

कार्यक्रममा ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख जनक पन्त ,यातायात कार्यालय वीरगञ्जका प्रमुख उमेश रेग्मी ,सड्क डिभिजन कार्यालय हेटौडाका प्रमुख राजेश प्रसाद यादब ,ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक युवराज तिमिलसिनालगायतका सहभागिता रहेको थियो।

# ६१० सवारीसाधन कारवाहीमा

काठमाण्डु । सवारीसाधनको नम्बर प्लेट स्पष्ट देखिने गरी नराखिएका छ सय १० र नम्बर प्लेट आकाशतिर फर्काउने ४१ दुई पाङ्ग्रे सवारी साधनका चालकलाई शुक्रवार कारवाही गरिएको छ। यस्तै ठूलो आवाज निकाल्ने सात मोटरसाइकलका चालक पनि कारबाहीमा परेको प्रहरीले आज एक सूचना जारी गरी जनाएको छ।

शुक्रवार गरिएको विशेष जाँच अभियानमा काठमाण्डु उपत्यकाका विभिन्न स्थानबाट प्लेटमा स्पष्ट रुपमा नम्बर नदेखिने, मापदण्डअनुसार नम्बर प्लेट नराख्ने र नम्बर प्लेट आकाशतर्फ फर्काएर राख्ने दुई पाङ्गे सवारी साधनका चालकलाई ट्राफिक प्रहरीले कारबाही गरेको हो।

काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका सह-प्रवक्ता एवम् प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले स्पष्टरुपमा देखिने र बुझिने गरी मापदण्ड अनुसारको नम्बर प्लेट बनाएर सवारी साधनको अगाडि र पछाडि राख्न अनुरोध गर्नुभयो ।रासस

# बाराको सिमरामा लगानीकर्ता सचेतना अभिबृद्धि कार्यक्रम

**रञ्जन यादव**

बारा। विश्व लगानीकर्ता सप्ताह २०२२ को अवसरमा सुन्धारा सेक्युरिटिज लि.



ले बाराको सिमरामा लगानीकर्ता सचेतना अभिबृद्धि कार्यक्रम सम्पन्न गरेको छ। संस्थाले बित्तिय संस्था ,शिक्षक ,अडिटर र ब्यवसायीक संस्थाका प्रतिनिधिहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गत एक दिने लगानीकर्ता सचेतना अभिबृद्धि सम्बन्धि प्रशिक्षण प्रदान गरेको सुन्धारा सेक्युरिटिजका कार्यकारी प्रमुख फडिन्द्र ढकालले जानकारी दिए।

संस्थाले चाडै नै सिमरामा आफनो शाखा कार्यालय स्थापना गर्न लागेको उनले बताए। कार्यक्रममा अजय ढुङ्गाना ,सुरज कार्की र किशोर भट्टले शेयर बजार सम्बन्धि जनमानसमा रहेको गलत धारणाको चिर्दै यथार्थ जानकारी प्रदान गरेका थिए।

उनीहरुले लगानी गर्दा अपनाउनुपर्ने सतर्कता र जोखिम न्युनीकरण गर्ने तरिकाको बिषयमा जानकारी प्रदान गरेका थिए।

जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव प्रकाश गिरी ,होटल तथा पर्यटन ब्यवसायी संघका अध्यक्ष अर्जुन लम्साल ,जीतपुर सिमरा बैकर्ष एसोसियसनका अध्यक्ष कृष्ण गौतम लगायतको सहभागिता रहेको थियो।

# नेकपा एमाले पार्टी मधेश बिरोधी हो : मन्त्री चौधरी

**सिकेन्द्र पासवान**

कलैया । खानेपानी मन्त्री एवम नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले नेकपा एमाले मधेश बिरोधी पार्टी भएको आरोप लगाएका छन । बारा निर्वाचन क्षेत्र नम्बर १ क्षेत्रिय कार्य समितिद्वारा आयोजना गरिएको चुनावी सभा एवम क्षेत्रिय बैठकलाई सम्बोधन गर्दै मन्त्री चौधरीले तराई मधेशका जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने नागरिकता बिधेयक पास गर्नमा राष्ट्रपति संग मिलेर केपी ओलीले बिधेयक अलपत्रमा पारेको हुँदा तमाम मधेशी जनताको भवना माथि खेलवार गरेको बताए।



संघीय लोाकतान्त्रिक गणतन्त्रलाई सखाप पारी मुलुकमा एकतन्त्रिय शासन ब्यवस्था लाद्न खोजेको ओलीलाई मधेशबाट नै सबक सिकाउनुपर्ने मन्त्री चौधरीले चेतावनी दिए। जो मान्छे आफूले प्राप्त गरेको झन्डै दुई तिहाईको सरकारलाई बचाउन नसकी आफ्नो स्वार्थ सिद्ध गर्नका लागि आफनै पार्टीका नेताहरुलाई भितामा पुगाउने ओलीसंग देश कसरी बन्छ मन्त्री चौधरीले प्रशन समेत गरे।

सुखी नेपाली, समृद्ध नेपालको झुठो नेपाली जनतामा नारा बाडी देशलाई तहस नहस पारेको दोषारोहन गर्दै मानव अधिकारको हनन, अभिब्यक्ति स्वतन्त्रामा कुन्ठित एवम प्रेस स्वतन्त्रतामा समेत अंकुस लगाउने ओली सरकारलाई नेपाली जनताले चिनिसकेको बताउदै उनको भ्रमको खेतीमा अव उपरान्त कोही नपर्ने मन्त्री चौधरीको तर्क रहेको थियो। नेपाली काँग्रेस पार्टी लोकतन्त्रको रक्षा, प्रेस स्वतन्त्रताको बकालत, संविधान कार्यन्वयन गर्न एवम संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने पार्टी भएको हुदा आम नेपालीहरुको चहना अव नेपाली काँग्रेस नै भएको हुदा रुख चिन्हमा मतदान गर्न सबैलाई आग्रह समेत गरे।

ईतिहास साक्षी छ मधेस र मधेसी जनताको हकहितका लागि लडने एक मात्र पार्टी नेपाली काँग्रेस रहेको मन्त्री चौधरीले स्पष्ट पारे। फरक प्रसंगमा मन्त्री चौधरीले उपेन्द्र यादवको जनता समाजवादी पार्टी मधेसी जनतालाई धोका दिने काम मात्र गर्ने गरेको बताउदै उपेन्द्र यादवले सता र शक्तिका लागि मात्र राजनितिक गर्नेले देश बनाउन्छु भन्नु लजा स्पद कुरा रहेको उनको कथन रहेको थियो।

मन्त्री चौधरीले क्षेत्र नम्बर १ मा शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाई बिधुत, कृषि, बाटोघाटोमा आमुल परिवर्तन ल्याएको बताउदै जनताको हरेक दुखसुखमा साथ दिदै आएको बताए। यो क्षेत्रको बृहतर बिकासको लागि कुनैपनि कसर बाकी नराख्ने प्रतिवद्धता जाहेर गर्दै सबैको मान सम्मान हुनेगरि काम गर्ने उनले भने।

क्षेत्रिय सभापति बिजयशंकर यादवको अध्यक्षतामा सम्पन्न चुनावी भेला तथा बैठकमा मधेस प्रदेशका उपसभापति चन्द्रशेखर कुमार यादव, मधेस प्रदेशका सदस्यहरु उपेन्द्र जयसवाल, सिता मैनाली, नेपाली काँग्रेसका महासमिति सदस्य शम्भु बहादुर बुढाथोकी, मधेसी कुवर, सिकेन्द्र पासवान, निजगढ नगरपालिकाका निवर्तमान मेयर सुरेश खनाल, प्रदेश सभा क, ख का उम्मेदवार द्धय रमेश दंगाल, नागेन्द्र प्रसाद साह, महिला नेतृ माला लामा, जिल्ला सदस्य अरुण यादव, सिम्रौनगढ नगरपालिकाका वडाअध्यक्षहरु उजिउल्लाह अंसारी, अवधेस सहनी लगायतकाले नेपाली काँग्रेसलाई जिताउनुको बिकल्प नरहेको जोड दिदै सहमति, सहकार्य र एकता वद्ध भई अगाडी बढनुपर्ने धारणा ब्यक्त गरेका थिए।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'चि मुसी चि' मा प्रियंका-आयुष्मान, पुषमा रिलिजको तयारी

काठमाण्डु । मार्ना जेम्स र यश सैनीद्वारा निर्देशित मल्टीस्टारर फिल्म 'चि मुसी चि : इभन डेड डिजायर बिलङ्गिङ'को गुपचुप रुपमा छायांकन सकिएको छ । छायांकन पूरा भएपछि शुक्रवार निर्माण टिमले फिल्मको थिम पोस्टर सार्वजनिक गरेको छ। हरर-थ्रिलर कथामा निर्माण भएको यस फिल्मलाई आगामी पुष महिनामा प्रदर्शन गर्ने लक्ष्य राखिएको प्रस्ततुकतर्ता अरुण चक्रावर्तीले जानकारी दिए।

एएमवाई स्टुडियो प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा प्रियंका कार्की, ऋचा शर्मा, बेनिशा हमाल, आयुष्मान देशराज जोशी, राजन खतिवडा, रविन्द्र झा, गौरव बिष्ट लगायतको अभिनय रहेको छ। यो फिल्मले नेपालमा हरर-थ्रिलर जनरामा एउटा ट्रेण्ड स्थापित गर्ने निर्माता चक्रावर्तीले विश्वास व्यक्त गरे । यतिबेला फिल्मको पोस्ट प्रोडक्सनका काम भइरहेको उनको भनाई छ।

नेपाली, बलिउड र हलिउडका प्राविधिकहरुको समिश्रणमा फिल्म निर्माण भएकाले केही फरक र नयाँपन दर्शकले महसुस गर्न पाउने विश्वास निर्माण टिमको छ । फिल्ममा रिञ्जु केसीसँग मिलेर प्रस्तुतकर्ता अरुण चक्रावर्तीले लगानी गरेका छन् । यो फिल्ममा प्रियंका र आयुष्मानले विवाह बन्धनमा बाँधिएपछि पहिलो पटक एकसाथ काम गरेका हुन् । दुवै फिल्मलाई लिएर उत्साहित छन्।

## कवि मुरली प्रसाद यादव

कविताको नाम(भेषभुषा मधेशके, लुटैय पुरा देशके
कि कैली यउ मधेसी भके सहिद

कहाँ लाइब सकली मधेषके हक हित ।।
गोली खैली , क्रान्ति कैली सोझा साझा जनता सब

पैसा कमैलक,नाम चलैलक झुठा नेता सब ।।
ठाउँ देखक भाषण कैलक मिठ मिठ बात यउ

भाषन मात्रे निक छेल कहियो नइ साँच यउ ।।
छेल पहिले राजा शासन त सब जनताके देने छेल सम्मान

जब से अइल प्रजातन्त्र, गणतन्त्र तब नेता सब भगेल बैमान ।।
यिहे नेता सबके काम देखके चिन्तामे रहै छै मधेसके वासी

यिहे पापी सबके कारण से हजारौ मजदुर किसान लगालैय फाँसी ।।
सब नेता एना करै छै अपने कुर्सी लागि

कुर्सी मिलते भुइल जाइछै देशके विकास करके लागी ।।



लेखक :-पप्पु कुमार मण्डल
ठेगाना सिरहा कल्याणपुर न.पा. ३ (इटारी प्रसाही)

## खोला र झोला

गन्ध र हिलो भएको नालामा।
हिलो लागेको थियो हात,खुट्टा र गालामा।
प्लास्टिकको बोतलहरु थियो ठूलो झोलामा।
एउटा बालक हेरे फोहर थुप्रिएका खोलामा।
चैत्रको अपराह्नको घाम।
थाहा भएन उसको के थियो नाम।
निरास अनुहार,आँखा रसिलो।
खाली बोतल टिप्ने उदेश्य कसिलो।
छेउको रुखको छायाँमा,लिन आयो विश्राम।
कलम समाउने हातको बोतल टिप्ने काम।
हेर्न, सीधा गर्दै नुहराएको रिड।
उसकै उमेरको बच्चाहरूको भिड।
झोला,जुत्ता, कमीज,प्यान्ट र टाई।
उसको नजरमा स्कूलबाट आउँदै दिदी र दाई।
हेरेर उनीहरुलाई, अनुहारमा मुस्कान आइदियो।
एक छिन बालक ,मनको लड्डु घिउसंग खाइदियो ।
टाढा सम्म देखि राख्यो,उनीहरूले बोकेको झोला।
उसको गन्तव्य फेरि छेउको खोला।
खोलातिर जादै,
किताब । पछि,टिनकल टिनकलु बोल्दै मुखले ।
आँखा रसायो, म पनि हिँडे चितको दुःखले।।



लेखक : उपेन्द्र ठाकुर

## कविता

सजलै छै मार्बल आ पथरसँ
चुह(चुह घर करै छै
बिसतर तकियासँ
घर सेन्टसँ साजल छै
सुतके कोसिस करि रहलछि
मुदा निन्द कहाँ अबै
कखनो मायके याद,
कखनो प्रीतके याद अबै
छ्टपटयतँ छि,
कर फेरैत छि,
लाख कोसिस करि रहल छि
निन्दिया उडिगेल,
मोन बिचलितमे परल अछि
मुदा मनकें बुझाबेमे अकाम छि
बहुत कोसिस करै छि
बिसरके
कुछ कमाइ के,
कामक चिन्ता सेहो सतबै
कुछ न्या करके,
परदेशमे छि जे मन
ऐहसांस दियबैय
उइठक पानी पियै छि
कुछ मनके शान्त करै छि
फनु बिसतरप लेटै छि,
मन कहाँ मनैय फनु ओहि
धुन मे बोवाई छि
घर जे रहती संगि संगे घुम जैती
पवैन तिल्ला संक्रान्ति के निक निक
लाइ , मुरही खैती
मामा ऐतै हमरा गाम , लाइ मुरही लक
हम बहन के गाम जैती
लाइ मुरही लक
ओतनेमे अलार्म बजैय,
भोरक आठ बजल छै,
ओहो।।।।१११
कामप जैबाक समय भगेलै
आहिने गुनधुन( गुनधुनमे दिन कटैय
गामक पोखरी तलाव नदि नाल,
साथी संगि के याद सेहो नै छोरैय
प्रदेश मे छि जे मन ऐहसाँस दियबैय



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश
दोहा कतार

## के घर के डेरा मा के छ ?



काठमाण्डु । 'पशुपति प्रसाद', ' आमा' जस्तो समाजको कथा बोल्ने उत्कृष्ट फिल्म पस्किएका दीपेन्द्र के. खनाल निर्देशित नयाँ फिल्म 'के घर के डेरा' कात्तिक ४ गतेबाट प्रदर्शनमा आउँदैछ । ट्रेलरबाट ठूलो आशा जगाएको यो फिल्मले काठमाडौंमा घर हुने र डेरामा बस्नेको कथालाई प्रस्तुत गरिएको छ । काठमाडौंमा घर हुने र नहुने दुवै वर्गले फिल्ममा आफ्नो कथा महसुस गर्ने दीपेन्द्रको भनाई छ।

उनी भन्छन्, 'काठमाडौंमा डेरामा बस्नेहरुको आ-आफ्नै समस्या छ । तर, घर हुनेहरुको समस्या पनि त्यतिक्कै छ । फिल्ममा यिनै कुरालाई रमाइलो शैलीमा देखाएका छौं । त्यसैले काठमाडौंमा घर हुने र नहुने दुवैले फिल्मको कथामा अपनत्व महसुस गर्नेछन् ।' उनी फिल्मले तिहार मूड सिर्जना गर्नेमा विश्वस्त छन्। तिहारमा हाँस्न चाहने दर्शकलाई फिल्मले निराश नबनाउने उनी बताउँछन्।

फिल्मका प्रमुख अभिनेता दयाहाङ राईले यस वर्ष प्रदर्शनमा आएका आफ्ना दुई फिल्म ' कबड्डी ४' र 'दुई नम्बरी'भन्दा 'के घर के डेरा'को सेटअप र चरित्र फरक रहेको बताए। उनले भने, 'एउटामा हिमालको कथा थियो। अर्कोमा पहाडको सेटअप थियो भने यो चाहिँ काठमाडौंमा बेस्ड छ । यो फिल्मको चरित्रको मनोविज्ञान नै फरक छ । त्यसैले दर्शकले चरित्रमा फरकपन पाउनेछन् ।'

उनले फिल्ममा अभिनेता विपिन कार्कीसँग काम गर्दा अजिबको किस्साहरु भएको स्मरण गरे । 'फिल्म हेरिसकेपछि विपिनसँगका रमाइला किस्सा शेयर गर्दा झन बढी रमाइलो हुन्छ होला । फिल्ममा काम गर्दा ऊ चरित्रमा यसरी डुबेको हुन्थ्यो थियो कि कतिबेला उसले निर्देशनको अर्डर पनि बिर्सेर अभिनय गरिरहेको हुन्थ्यो । क्यामेरा अफ भएपछि पनि उसले काम गर्थ्यो,' दयाहाङ्ले भने।

विपिन कार्की भने ' पशुपतिप्रसाद'मा निर्वाह गरेको भष्मे डनको छविलाई 'के घर के डेरा'को शंखे दादाले मेटाउनेमा आशावादी छन् । उनले फिल्मको सेटमा आफू क्यामेरा अफ भएपछि पनि चरित्रबाट बाहिर निस्कन नसकेको अनुभव साटे । त्यस्तै, अभिनेत्री सुरक्षा पन्तले धेरै फिल्ममा निर्देशक दीपेन्द्र के. खनालसँग काम गरिसकेका कारण अहिले आँखा आँखाबाटै कुरा हुने बताइन् ।

## महजोडीको सम्मानमा एक हप्ता पछि सऱ्यो 'लाखे'

काठमाण्डु । फिल्म 'लाखे'को रिलिज दोस्रो पटक पनि पोस्टपोन्ड भएको छ। भदौ ३१ गतेबाट कात्तिक ११ मा पुगेको यो फिल्म अब एक हप्ता पछाडि सर्दै कात्तिक १८ गतेबाट प्रदर्शनमा आउने भएको छ। कात्तिक ११ गते महजोडीको फिल्म 'महापुरुष' आउने भएकाले 'लाखे' एक हप्ता पछाडि सारेको हो।

महजोडीको सम्मानका खातिर फिल्मको प्रदर्शन धकलेको निर्देशक सम्राट बस्नेतले बताए । पछिल्लो समय नेपाली फिल्मको व्यापार राम्रो हुँदै गइरहेकाले एउटै मितिमा दुईटा फिल्म प्रदर्शन गर्दा दर्शक बाँडिनुका साथै दुवै फिल्मलाई असर पर्ने भएकाले आफूहरु एकसाता पछि गएको निर्माता डिपी भण्डारीले बताए।

उनले भने, 'अग्रजहरुको सम्मान र सन्तुलित व्यवसायको पद्धती बसाल्नलाई हामी एक साता पछाडि सरेका हौं । यसले दुवै फिल्मलाई फाइदा गर्ने बिश्वास हाम्रो छ।' सस्पेन्स-थ्रिलर जनरामा निर्मित यो फिल्ममा नाम चलेका कलाकारहरुको ठूलो जत्था छ । सौगात मल्ल, अनुप बिक्रम शाही, अर्पण थापा, आर्यन अधिकारी, वर्षा राउत, रोहित रुम्बा, संजोग राणा, सुशील सिटौला, प्रशान्त ताम्राकार, रक्षा बुढाथोकी, कालु राना, सुगन तण्डुकार, बाल कलाकार सिस्टम भण्डारीको अभिनय छ। यसअघि सार्वजनिक भएको ट्रेलरले दर्शकलाई लोभ्याएको छ।

## अमेरिका बस्ने अजयसँग विवाह गर्ने तयारीमा रिस्ता

काठमाण्डु । अभिनेत्री रिस्ता बस्नेतको फिल्म करिअर त्यत्ति सुखद् छैन । फिल्म ' होस्टेल'बाट अभिनय करिअर सुरु गरेकी उनले त्यसयता एक दर्जन बढी फिल्ममा अभिनय गरिसकेकी छन्।

तर, सोलो अभिनेत्री भएर अभिनय गरेका कुनै फिल्मबाट उनले सफलता पाउन सकिनन्। बरु, उनी डबिङ आर्टिस्टको रुपमा बढी चलेकी छन्। रिस्ताले धेरै फिल्ममा अभिनेत्रीको भागको डबिङ गरेकी छन्।

अब उनी विवाह बन्धनमा बाँधिने तयारीमा छिन् । उनी एक वर्षदेखि अमेरिकामा बस्दै आएका अजय सिंह ठकुरीको प्रेममा छिन्।

बुधवार फिल्म 'हिजो आजका कुरा'को प्रिमियर उनी प्रेमी ठकुरीको साथमा नै पुगेकी थिइन् । यो जोडी यसअघि पनि दुईवटा फिल्मको प्रिमियरमा सहभागी भइसकेको रहेछ।

तर, त्यसबेला यी दुईले मिडियाबाट प्रेम सम्बन्ध लुकाउन सफल भएका थिए । 'हिजो आजका कुरा'को प्रिमियरमा भने रिस्ता र अजयको प्रेम मिडियाबाट लुकेन । रिस्ताले पनि एक सञ्चारकर्मीसँग अजयसँगको प्रेम सम्बन्ध स्वीकार गरिन्।

रिस्ताले आफूहरु चाँडै विवाह बन्धनमा बाँधिन लागेको जानकारी समेत दिएकी छन्। उनले अजयको धैर्य गर्न सक्ने क्षमता अत्यन्त राम्रो लाग्ने बताएकी छन्। उनले आफूलाई खुसीसाथ झेल्न सक्ने मान्छे पाएकोमा खुसी व्यक्त गरिन्।

लामो समयदेखि अमेरिकाको न्यूयोर्कमा बस्दै आएका अजयले पनि रिस्ताको प्रशंसा गरे। उनले भने- 'मलाई उनको बोली, बानी व्यवहार र आँखा मन पर्छ। उनको बानी व्यवहार सहन सक्ने छ।'

रिस्ता र अजयको विवाहको मिति तय नभए पनि यसै वर्ष विवाह हुने सम्भावना प्रवल रहेको जानकारी प्राप्त छ । बिहेपछि रिस्ता बस्नेत पनि अमेरिका जाने योजनामा रहेको स्रोत बताउँछ।

## 'महापुरुष' को मोफसल भ्रमण: पूर्वमा दर्शकको साथ



काठमाण्डु । भाइटीका सकिएसँगै कात्तिक ११ गतेबाट प्रदर्शनमा आउन लागेको महजोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य अभिनीत फिल्म 'महापुरुष'ले प्रचार-प्रसारलाई चुस्त बनाउन मोफसलका विभिन्न शहरमा पुगेर दर्शकसँग प्रत्यक्ष भेटघाट गर्दै सांगीतिक कार्यक्रमबाट मनोरञ्जन दिइरहेको छ। निर्माण टिमले असोज २५ गते पूर्वको विर्तामोडबाट मोफसल यात्राको सुरुवात गरेको हो।

विर्तामोडपछि असोज २५ गते पूर्वको इटहरी र विराटनगरमा फिल्मका कलाकारहरु हरिवंश आचार्य, राजाराम पौडेल, गौरी मल्ल, रविन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइली, कमेडियन सुमन कार्की, गायिका रचना रिमाल लगायतले दर्शकसँग भेट गरे । मोफसलका यी तीन ठूला शहरमा उनीहरुले फिल्मको बारेमा जानकारी दिँदै आफ्नो प्रस्तुतीमार्फत् मनोरञ्जन पनि दिएका थिए।

पूर्वका तीनै शहरमा आयोजित कार्यक्रममा कलाकार आचार्यले आफ्नो चर्चित गीत ' हाम्री आमा साह्रै नै बाठी छिन्' गाएका थिए भने डेब्यू कलाकार द्वय अरुण र अञ्जनाले ' महापुरुष'मा समावेश 'बेमौसमी' गीतमा रोमान्टिक नृत्य प्रस्तुत गरेका थिए। फिल्मका कलाकार हरुलाई हेर्न दर्शकहरुको पनि उल्लेख्य उपस्थिति रहेको थियो। कलाकारहरुको प्रस्तुतीमा पुर्वेली दर्शक झुमेका थिए।

फिल्मको टिमले विर्तामोड, इटहरी र विराटनगरमा कार्यक्रम गर्दै पूर्वको प्रचार यात्रालाई पूर्णविराम लगाएको छ। पूर्वबाट निर्माण टिम पश्चिम हानिएको छ । असोज २७ गते हेटौंडा पुगेको फिल्मको टिमले त्यसपछि नारायणगढ, बुटवल र पोखरा पुगेर दर्शक भेट्नेछ । फिल्मका निर्माता तथा कलाकार रविन्द्र सिंह बानियाँले मोफसल भ्रमणमा दर्शकको साथले उत्साहित भएको बताए।

प्रदीप भट्टराई निर्देशित फिल्ममा शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेन्द्र कंसाकार, सविन बास्तोला, नरेश पौड्याल, प्रेम पाण्डे, सुमन रिमाल, माधव अधिकारी, प्रकाश भट्टराई, घनश्याम जोशी, अर्जुन आचार्यलगायतको पनि अभिनय छ। षट्कोण आर्ट्सको व्यानरमा निर्मित फिल्मका कार्यकारी निर्माता रबिन्द्र सिंह बानियाँ हुन् भने निर्माता म्याक्स दिपेश खत्री हुन्।

## 'नालापानी' लाई कर छुट दिन अर्थ मन्त्रालयलाई पत्राचार

काठमाण्डु । ऐतिहासिक विषयवस्तुमा निर्माण भएको फिल्म 'नालापानी'लाई कर छुट दिन चलचित्र विकास बोर्डले पहल सुरु गरेको छ। बोर्ड अध्यक्ष भुवन केसीले यो फिल्मलाई कर छुट दिन पहल सुरु भएको जानकारी दिए । बुधबार सञ्चार सचिव डा. बैकुण्ठ अर्यालसँग फिल्मलाई कर छुट प्रदान गर्ने व्यवस्था मिलाउन आफूले आग्रह गरेपछि सचिवले अर्थ मन्त्रालयमा पत्राचार गरेको केसीले बताए।

बोर्ड अध्यक्ष केसीले भने- 'नेपालको गौरवगाथा बोकेको ' नालापानी' नेपालको ऐतिहासिक विषयमा बनेको हुँदा र चलचित्र विकास बोर्डले बिशेष फिल्म घोषणा गरी राष्ट्रपतिबाट सम्मान प्राप्त गरिसकेकोले कर छुटको लागि योग्य छ भनेर मैले पहल सुरु गरेको हुँ । यति मात्रै नभएर सिनेमा हलमा देखाइने विज्ञापनलगायतका कुरामा पनि मैले सहजीकरणका लागि सकेको पहल गरिरहेको छु।'

अध्यक्ष केसीले यस प्रकारका राष्ट्रिय गौरव बोकेका फिल्महरुलाई प्रवर्द्धन गर्नुपर्छ भन्ने उद्देश्य आफूले सँधै राख्ने बताए । बोर्डले 'नालापानी'लाई दिन सकिने सबै सुविधा दिने पनि उनले प्रतिवद्धता जनाए । फिल्मका निर्माता तथा निर्देशक रिमेश अधिकारीले ढिलै भए पनि राज्यले ऐतिहासिक विषयवस्तुमाथि बनेको फिल्मलाई कर छुटको सुविधा दिन खोजेकोमा खुशी व्यक्त गरेका छन्।

रिमेशले भने- 'सञ्चार सचिव, उपसचिव, सहसचिव र बोर्ड अध्यक्षसहितको बैठकमा 'नालापानी'लाई सुविधा प्रदान गर्ने बिषयमा छलफल भयो । सचिवज्यूले विज्ञापनको लागि विभिन्न निकायमा पहल गर्ने प्रतिबद्दता जनाउँदै स्थानियसहितका विभिन्न कर छुटका लागि अर्थ मन्त्रालयलाई पत्राचार गर्नुभयो। यस बिषयमा बोर्ड अध्यक्ष भुवन केसीले देखाउनुभएको अग्रसरताबाट म खुशी छु।'

कार्तिक ४ गते रिलिज हुन लागेको यो फिल्म सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंलाई आधार बनाएर निर्माण भएको हो। फिल्ममा वीर योद्धा कुँवर र ६ सय सेनाले नालापानी युद्धमा कसरी साहस र बहादुरी देखाए भन्ने कुरालाई जीवन्त रुपमा देखाइएको छ।

## सिरियल जस्तै सफल होला 'हिजो आजका कुरा'?

काठमाण्डु । करीब १८ वर्षसम्म टेलिभिजन स्क्रिनमा प्रशारण भएको हाँस्य टेलिसिरियल हो, 'हिजो आजका कुरा' । यो सिरियल हेरेर एउटा सिंगो पुस्ता हुर्किएको छ। यो सिरियल हेर्दाका धेरै नेपालीसँग बेग्ला बेग्लै र रोचक किस्सा छन् । त्यसबेला घर-घरमा टेलिभिजनको सुविधा थिएन। गाउँभरीमा एउटा टेलिभिजन हुन्थ्यो अनि उक्त सिरियल हेर्न गाउँ नै उर्लिन्थ्यो। शहरमा पनि यही अवस्था थियो।

नेपाली टेलिसिरियलको इतिहासमा सर्वाधिक चर्चित र लामो समयसम्म प्रशारण भएको सिरियल नै 'हिजो आजका कुरा' हो । यही सिरियलको सन्तानका रुपमा पछि 'जिरे खुर्सानी', 'तीतो सत्य', 'मेरी बाँस्सै' जस्ता सिरियलको जन्म भयो। विस्तारै अन्य सिरियल चर्चित हुन थालेपछि 'हिजो आजका कुरा' बन्द भयो। तर, यो सिरियलसँग जोडिएका सम्झना धेरै नेपालीसँग अझै पनि ताजा छ ।



यही ब्रान्ड नाममाथि निर्माण भएको फिल्म 'हिजो आजका कुरा' शुक्रवारबाट प्रदर्शनमा उत्रिएको छ। सिरियलकै मुख्य कलाकार द्वय सन्तोष पन्त र रमा थपलियाको अभिनय रहेको यो फिल्मले विदेशसँग सरोकार राखेका वा राख्न इच्छुक काठमाडौंका चार परिवारको पारिवारिक समस्या, संघर्ष र आतुरतासँगै विदेश जानका लागि केही न केही गुमाउनु पर्ने कथालाई उठान गरेको छ। 'माया जदौ' गीतका कारण प्रदर्शन अगावै चर्चामा रहेको फिल्मले ठूलो संख्यामा सिंगल थिएटर पाएको छ भने मल्टीप्लेक्सहरुमा पनि सुखद् शोज हात पारेको छ। प्रायः हरेक नेपालीले भोगिरहेको वास्तविक कथामा निर्माण भएका कारण फिल्मले परिवारिक दर्शक तान्ने अपेक्षा गरिएको छ । दर्शकबाट 'वर्ड अफ माउथ' बलियो मिलेको खण्डमा फिल्म सफलताको बाटोमा लम्किने छ।

साकार पन्त निर्देशित फिल्ममा सन्तोष र रमासँगै, दिव्य देव, साकार पन्त, ऋचा शर्मा, रीमा विश्वकर्मा, केकी अधिकारी, जेविका कार्की, जयनन्द लामा, अनुष्का घिमिरे, विनायक कुइकेललगायतको अभिनय छ । रवि सायमीले खिचेको फिल्मको कार्यकारी निर्मातामा प्रतिभा पन्त, निर्मातामा सन्तोष पन्त र सकार पन्त छन् भने सह-निर्मातामा बैकुण्ठ प्रसाद उपाध्याय र कुमार मिश्र छन्।



धनुषा क्षेत्र नम्बर ३ मा नेकपा एमालेका उम्मेदवार जुली कुमारी महतो र 'ख' दीपेन्द्र ठाकुर घरदैलोमा । *तस्बिर : टुडे*

# समाज एकीकरणमा सबैजातको महत्वपूर्ण योगदान छ : पूर्वराष्ट्रपति यादव

मोरङ। पूर्वराष्ट्रपति डा रामबरण यादवले समाजको एकीकरणमा सबै जातजातिको महत्वपूर्ण योगदान रहेको बताउनुभएको छ।

नागरिक अभिनन्दन समारोह समितिद्वारा आज यहाँ आयोजित सामाजिक अभियन्ता एवम् उद्योगपति दिनबन्धु गोयललाई अभिनन्दन गर्दै उहाँले यस क्षेत्रको समाजको विकासमा पहाडी, मधेसी थारु एवम् मारवाडी समुदायको महत्वपूर्ण योगदानको रहेको विचार व्यक्त गर्नुभयो ।



पूर्वराष्ट्रपति डा यादवले भन्नुभयो, ‟अभियन्ता गोयल एवम् उहाँको परिवारले यस क्षेत्रमा सामाजिक, संस्कृति, शिक्षा, स्वास्थ्य, क्षेत्रमा गर्नुभएको महत्वपूर्ण योगदानको हृदयदेखि आभार प्रकट गर्दछु। उहाँले सम्पूर्ण समाजको मेलमिलापबाट नै सभ्यता निर्माण हुने चर्चा गर्दै मेलमिलापको सभ्यताले मुलुकको सही विकासमा सहयोग पुऱ्याउने धारणा राख्नुभयो । अभिनन्दित व्यक्ति गोयलले गरीब विद्यार्थीलाई छात्रवृत्तिलगायत विभिन्न सङ्घसंस्थालाई सहयोग गर्न पाउँदा ज्यादै खुशी र शान्ति महशुस हुने गरेको अनुभव सुनाउनुभयो । समितिका अध्यक्ष सुरेशकुमार शर्मा, राजेन्द्र चापागाईँ, महावीरप्रसाद गोयललगायतले गोयलको सहयोगबाट धेरै विद्यार्थीले उच्च शिक्षा अध्ययन गर्न सफल भएको बताउनुभयो । झापाको भद्रपुरमा विसं २००५ मा जन्मनु भएका र हाल विराटनगरलाई कर्मथलो बनाइ बस्नुभएका गोयललाई स्वदेश र विदेशका गरी २६८ सङ्घसंस्थाले अभिनन्दन गरेका छन् ।

अभियन्ता गोयलले प्रत्येक वर्ष झापा, मोरङ, धनकुटा, सुनसरी, तेह्रथुम जिल्लाका एक हजार ५०० भन्दाबढी असाहय एवं जेहन्दार विद्यार्थीलाई नगद छात्रवृत्ति प्रदान गर्नुका साथै ज्येष्ठ नागरिक एक महिला, गौशाला, मठमन्दिर, अनाथ आश्रमलगायत क्षेत्रमा सहयोग गर्दै आइरहनुभएको छ ।

अभियन्ता गोयलले मुलुकका विभिन्न शैक्षिक संस्था, धार्मिक, सामाजिक सङ्घसंस्थालाई निरन्तररुपमा आर्थिक सहयोग पुऱ्याउँदै आउनुभएको र यो सत्‍्या दिनप्रतिदिन वृद्धि हुँदै गइरहेको छ।

सामाजिक अभियन्ता गोयलले भद्रपुरको गौशाला, गणेश मन्दिर, रङ्गेलीको गौशाला, श्रीकृष्ण गौ सेवा सदन विराटनगर, अनाथआश्रम इटहरी, विराटेश्वर वुद्धाश्रम विराटनगर, विश्रान्ति मन्दिर मूलघाट धनकुटा, अनाथ आश्रम काठमाडौँ, विराटनगरको अष्ट चिरञ्जीवी मन्दिर, राधाकृष्ण मन्दिर, काली मन्दिर, झापाको कन्काई धारको लक्ष्मी नारायण मन्दिर, उर्लाबारीको हनुमान ट्रष्ट, झापाको मारवाडी समाज, नेपाल हृदयरोग निवारण प्रतिष्ठान ललितपुरलगायत करीव ३०० सङ्घ संस्थालाई सहयोग उपलब्ध गराउनुभएको छ ।रासस

# कांग्रेस घोषणापत्रको मस्यौंदा सुझावसहित पारित



**टुडे समाचारुदाता**

काठमाण्डु । नेपाली कांग्रेसले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तयार गरिएको पार्टीको घोषणापत्रको प्रारम्भिक मस्यौंदा प्राप्त सुझाव समावेश गर्ने गरी पारित गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबार बसेको बैठकमा घोषणापत्र तयारी समितिका संयोजक महामन्त्री विश्वप्रकाश शर्माले घोषणापत्रको मस्यौंदा प्रस्तुत गर्नुभएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

बैठकमा प्रारम्भिक मस्यौंदा उपसमितिका तर्फबाट डा. स्वर्णिम वाग्लेले मस्यौंदाको थप व्याख्या गर्नुभएको थियो भने बैठकमा प्रारम्भिक मस्यौंदा समितिका सदस्यहरूको पनि आमन्त्रित रुपमा सहभागिता थियो ।

उपत्यका बाहिर रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूले यही असोज २९ गते शनिबार साँझ ७ बजेभित्र पठाउनु हुने लिखित सुझाव समेतलाई समावेश गर्ने निर्णय बैठकले गरेको छ ।

प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकमा उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, केन्द्रीय सदस्यहरू गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, डा. रामशरण महत, अर्जुननरसिंह के.सी, प्रवक्ता डा. प्रकाशशरण महत, उमा रेग्मी र जीपछिरिङ लामाले आफ्नो धारणा व्यक्त गरेका थिए ।

# मतदाता शिक्षालाई बृहत्तर बनाइने

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई लक्षित मतदाता शिक्षालाई बृहत्तर बनाउने तयारी गरेको छ ।

आयोगको कार्यालय बहादुर भवनमा शुक्रबार मतदाता शिक्षाका लागि आयोजित 'मुख्य प्रशिक्षक प्रशिक्षण' कार्यक्रममा निर्वाचन आयुक्त डा.जानकीकुमारी तुलाधरले प्रशिक्षण प्राप्त गरेपछि प्रशिक्षार्थीले मतदातामा व्यापक जागरण ल्याउन भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

"निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी बनाउनमा जनशक्तिको भूमिका महत्वपूर्ण हुन्छ", आयुक्त डा तुलाधरले भने,"यो भूमिकामा यहाँ सक्रिय हुनुहुन्छ भन्ने विश्वास मैले लिएकी छु ।" उनले मतदातालाई सुसूचीत बनाउने आयोगको जिम्मेवारी पूरा गर्दै जनस्तरसम्म मतदाता शिक्षालाई मिहीन ढङ्गले बुझाउनुपर्ने बताएका छन् ।

# मन्त्री कार्कीद्वारा कानून मन्त्रालयको पदभार ग्रहण

**टुडे समाचारदाता**

काठमाण्डु । कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शुक्रबार पदभार ग्रहण गरेका छन् । चार तथा सूचना प्रविधिमन्त्री कार्कीले कानून मन्त्रालयको समेत जिम्मेवारी लिएपछि आज पदभार ग्रहण गर्नुभएको हो । सो अवसरमा मन्त्री कार्कीले कानूनी शासन र सुशासनलाई व्यवहारिकरूपमै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उनले भने, "कानुनको पहुँचमा नभएकाहरूलाई केन्द्रमा राखेर कानून निर्माण र सुधार निरन्तररूपमा चलिरहने प्रक्रिया हो, संसद्मा पेश भएका र पेश हुन नसकेका विधेयकहरूलाई निर्वाचनपछि गठन हुने संसद्मा पेश गर्न सहज हुने तरिकाले मैले आवश्यक गृहकार्य गर्नेछु ।"

मन्त्री कार्कीले स्वतन्त्र न्यायपालिकाप्रति आफ्नो सदैव सम्मान रहेको बताउँदै वर्तमान सरकार निष्पक्ष, शान्तिपूर्ण र विधिसंवत्‌रूपमा निर्वाचन सम्पन्न गर्नेतर्फ केन्द्रित रहेको बताए ।

मंसिर ४ गतेको चुनावपछि गठन हुने सरकारले मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने उनको विश्वास छ। मन्त्रालयका सचिव उदयराज सापकोटाले मन्त्रालयलयको गतिविधि र भावी योजनाबारे मन्त्रीसमक्ष प्रस्तुत गरेका थिए।

# सुनकोसी मरिण डाइभसर्नले आयोजनाले राष्ट्रको समृद्धिको सपना पूरा गर्छ : भुसाल

सिन्धुली । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सुनकोसी मरिण डाइभर्सन बहुउद्देशीय आयोजनाले राष्ट्रको समृद्धिको सपना पूरा गर्ने बताउनुभएको छ।

आयोजनाकोस्थलको शुक्रबार निरीक्षणपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले यस आयोजना निर्माण सम्पन्न भएपछि खाद्यान्न उत्पादन बढ्ने छ भन्नुभयो । उहाँले भन्नुभयो " नेपालमा हाल साढे तीन खर्बको खाद्यान्न आयात हुन्छ , खाद्यान्न आयातमा विदेश जाने पैसा नेपालमा नै रहन्छ, त्यो पनि यहीँका किसानको हातमा पैसा बस्छ ।"

मन्त्री भुसालले आयोजना निर्माणपछि स्थानीयस्तरमा नै रोजगार सिर्जना हुने, खाद्यान्नको नाममा विदेश जाने पैसा बचत हुने र नागरिकको आर्थिक अवस्थामा पनि सकरात्मक सुधार ल्याउने बताउनुभयो ।

सो आयोजना भौतिक पूर्वाधिरले मात्र नभएर आर्थिक विकासले पनि अति महत्वपूर्ण मानिएको छ। सुनकोसीको पानी मरिणमा खसाली हालको बागमती सिँचाइ आयोजनाको संरचनामार्फत तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाको करिव १ लाख २२ हजार हेक्टर जमिनमा



आयोजना मार्फत सिंचाइको सहज पहुँच पुऱ्याउन सकिने छ। साथै ३१.०७ मेगावाट क्षमताको जलविद्युत उत्पादन हुने छ।

बागमती प्रदेशको जलस्रोतलाई मधेश प्रदेश पुऱ्याएर कृषि उत्पादन बढाउन आयोजना फलदायी हुने उहाँको दाबी छ। यस वर्ष सरकारले राष्ट्रिय गौरवको यो आयोजनाका लागि दुई अर्ब ७० करोड बजेट विनियोजन गरेको छ । सुनकोसी-मरिन डाइभर्सन आयोजनाले अटोमेटिक टनेल बोरिङ मेसिन (टिबीएम) बाट सुरुङ खन्न सुरु गरेको आयोजना प्रमुख मित्र बरालले बताउनुभयो ।

सो मेसिनले आउँदो २२ महिनामा १३.३ किलोमिटर सुरुङ खन्ने कार्यसम्पन्न हुने बताउनुभयो । सुरुङ खन्ने क्रममा भौगर्भिक रुपमा कुनै समस्या नआए समय तालिका भित्रै सुरुङ खन्ने काम सकिने उहाँको भनाइ छ ।आयोजनाको निरीक्षणमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सागर कुमार राई, सह-सचिव बाबुराम भण्डारी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सुशीलचन्द्र आचार्य, उप-महानिर्देशक रुकमागत खनाल सहितको टोलीले निरीक्षण गरेको थियो ।

विसं २०७७ फागुन २० गते सुनकोसी मरिण डाइभर्सन बहुउद्देशीय आयोजनाको शिलान्यास भएको थियो । सुनकोसी गाउँपालिका ७ कानढुङ्ग्रीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोसी नदीमा डाइभर्सनको संरचना निर्माण गरी सुनकोसी नदीका करिब ६७ क्युमेक पानीलाई १३.३ किलोमिटर लम्बाइको सुरुङमार्फत कमलामाई नगरपालिका- २ कुसुमटारस्थित मरिण खोलामा पानी खसाल्ने योजना रहेको छ।

आयोजनाको पहिलो चरणको कार्य अन्तर्गत सुरुङ निर्माणको लागि निर्माण व्यवसायी अजष्लब यखभचकभबक भलनष्लभभचष्लन नचयगउ तिम अजष्लब सँग १९ मार्च २००१ म निर्माण सम्झौता भइ निर्माण भइरहेको छ।

# निर्वाचनको स्वच्छतालाई नखलबल्याउन प्रमुख आयुक्त थपलियाको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकप्रति आयोग पूर्णतः स्पष्ट रहेकाले आयोगले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्न लागेको भन्ने मनोगत प्रकारका मिथ्या सूचना प्रवाह नगर्न आग्रह गरेका छन् ।



निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि शुक्रबारदेखि सञ्चालनमा ल्याएको निर्वाचन इ–बुलेटिन र कल सेन्टरको शुभारम्भ कार्यक्रममा प्रमुख आयुक्त थपलियाले आयोग आफ्नो संवैधानिक दायित्व, प्रेस स्वतन्त्राको हक र सम्बन्धित निकायको जिम्मेवारीप्रति आफूहरू स्पष्ट रहेका बताए । उनले सञ्चारमाध्यमका अन्तर्राष्ट्रिय मूल्य र मान्यताप्रति आयोगले सधैँ सम्मान गर्ने र आयोगका औपचारिक दस्तावेजमा निर्वाचनको वातावरण र यसलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन आम सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट उल्लेख गरिएको स्मरण गराए । आयोगका बारेमा कतिपय मिथ्या सूचना आएकामा हामी गम्भीर भएका छौँ, 'प्रमुख आयुक्त थपलियाले भने, हामी कसैको निगरानी गर्दैनौँ ।

हामी सञ्चारमाध्यमलाई हाम्रो पनि निगरानी गरिदिन आग्रह गर्दछौँ तर सानातिना विषयलाई विवादमा ल्याएर निर्वाचनको स्वच्छतालाई खल्बल्याउन सक्छु भन्ने कसैले सोचेको छ भने त्यो दिवास्वप्न मात्रै हुनेछ। असल प्रयत्नलाई गलतरूपमा नबुझ्न म आग्रह गर्दछु।'

उनले प्रेस काउन्सिल नेपाल ऐन, २०४८ बमोजिम काउन्सिलले गहनतापूर्वक पत्रकार आचारसंहिताको अनुगमन गरोस् र त्यसबारे आयोगलाई जानकारी गराओस् भनेर निर्देशन दिने निर्णय भएको पनि स्पष्ट गरेका छन् । प्रमुख आयुक्त थपलियाले काउन्सिल सशक्त होस् र पत्रकार आचारसंहिताबमोजिम सञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कन गराउन काउन्सिलले पहल गरोस् भन्ने आयोगको चाहना रहेको पनि अवगत गराए। स्वनियमन र स्वमूल्याङ्कनलाई प्रभावकारी बनाउँदा सञ्चारमाध्यमलाई कसैले निर्देशन दिइरहनु वा उसमाथि अनुगमन गरिरहनु नपर्ने पनि उनले बताए।

# अर्थमन्त्री शर्मा र विश्व बैंकका उपाध्यक्ष मार्टिनबीच भेटघाट

काठमाण्डु । अर्थमन्त्री जनार्दन शर्मा विश्व बैंकसँग हिमालय क्षेत्रको संरक्षण, ग्रामीण क्षेत्रको आर्थिक पुनरुत्थान र नदी क्षेत्रको हरित करिडोरको लागि विश्व बैंकले तय गरेका विभिन्न कार्यक्रममा नेपाललाई पनि प्राथमिकतामा राख्न अनुरोध गर्नुभएको छ ।

शुक्रबार विश्व बैंकका दक्षिण एशियाली क्षेत्रका उपाध्यक्ष मार्टिन रेइजरसँग वाशिङ्गटन डिसीमा भेट गर्दै अर्थमन्त्री शर्माले यस्तो अनुरोध गर्नुभएको हो । भेटघाटका अवसरमा विश्व बैंकद्वारा सञ्चालित कार्यक्रमको प्रगति विवरणमाथि छलफल भएको अमेरिकास्थित नेपाली राजदूतावासले जनाएको छ ।

यसैगरी अर्थसचिव कृष्णहरि पुष्करले अर्को एक भेटघाटमा मिलेनियम च्यालेञ्ज कर्पोरेशनको कम्प्याक्ट अपरेशन विभागका उपाध्यक्ष केमरुन अल्फोर्डसँग भेटघाट गर्नुभएको छ। उक्त भेटघाटमा नेपालमा एमसिसी परियोजना तोकिएको समयमा कार्यान्वयन गर्ने विषयमा छलफल भएको थियो । उक्त भेटघाटमा युरोप, एसिया, प्यासिफिक र ल्याटिन अमेरिकाका



लागि सहउपाध्यक्ष जोनाथन ब्रुकलगायत एमसिसी केन्द्रीय कार्यालयका अधिकारीको सहभागिता थियो ।

यसैबीच नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र उहाँका समकक्षी रिजर्भ बैंक अफ इन्डियाका गभर्नर शक्तिकान्त दासबीच अमेरिकाको वाशिङ्टटन डिसीमा छलफल भएको छ। विश्व बैंक समूहको विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन अमेरिका आउनुभएका गभर्नर अधिकारी र दासबीच भेटघाटको अवसरमा दुई देशको मौद्रिक विषय डिजिटाइजेशन, भुक्तानी, ट्रेड सेटलमेन्टस, सार्क फाइनान्स, रेमिटेन्सलगायतका विषयमा छलफल भएको थियो ।

उक्त भेटघाटमा राष्ट्र बैंक र रिजर्भ बैंक अफ इन्डियाका उच्चपदस्थ अधिकारीको समेत सहभागिता थियो ।रासस

## श्रीलङ्काले म्यानमारलाई कोभिड १९ को खोपहरु सहयोग गर्ने




**सिन्ह्वा**

कोलम्बो। श्रीलङ्का का सरकारले म्यानमारलाई चार करोड अमेरिकी डलर बराबरको कोभिड-१९ विरुद्धको खोप सहयोग गर्ने भएको छ। स्वास्थ्यमन्त्री केहेलिया रम्बुक्वेलाले शुक्रबार यहाँ पत्रकार हरुलाई बताउनु भएको छ।

उहाँले श्रीलङ्कासँग फाइजर भ्याक्सिनको ९० लाखभन्दा बढी डोज रहेको र म्यानमारलाई ६० लाख दिने योजना रहेको बताउनु भएको छ। मन्त्रीले रम्बुक्वेलाले यो वर्षको अन्त्यसम्ममा खोपको म्याद सकिने बताउनु भएको छ । श्रीलङ्काका अधिकारीहरूले म्यानमारमा खोपहरू पुऱ्याउन विश्व स्वास्थ्य संगठनसँग काम गरिरहेका रामबुक्वेलाले बताउनु भएको हो।

## बेलायतका प्रधानमन्त्री ट्रसद्वारा अर्थमन्त्रीको, आर्थिक योजना धरासायी बनाएको आरोप

**एएफपी**

लण्डन । बेलायती प्रधानमन्त्री लिज ट्रसले शुक्रबार आफ्ना अर्थमन्त्रीलाई दक्षिणपन्थी आर्थिक फोरमका कारण उत्पन्न उथलपुथलका लागि आरोप लगाउँदै बर्खास्त गर्नुभएको छ।

वासिङ्टनमा अन्तर्राष्ट्रिय बैठकबाट फर्केपछि तत्कालै ट्रसले आफ्ना वित्तमन्त्रीलाई व्यक्तिगत रूपमा बर्खास्त गरेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्।

यसै वर्ष बेलायतको चौथो अर्थमन्त्री बन्ने उहाँको उत्तराधिकारीको तत्काल कुनै घोषणा भएको छैन।

बैंक अफ इङ्ल्यान्डले ऋणपत्र बजारमा हस्तक्षेप गरेपछि नयाँ सरकारले सेप्टेम्बर २३ मा कर कटौती गर्ने योजना बनाएको र त्यसपछि उत्पन्न वित्तीय उथलपुथल केही हदसम्म कम भएको छ।

तर केन्द्रीय बैंकले शुक्रबार आफ्नो ऋणपत्र खरिदको क्रम अन्त्य गर्ने अडान लिएको थियो र बजार विश्लेषकहरूले गत महिना क्वार्टेङको विनाशकारी बजेट घोषणापछि ट्रसको ठूलो गिरावटले मात्र नयाँ आतङ्कलाई रोक्न सक्ने बताएका छन्।



ट्रसको पत्रकार सम्मेलनका लागि कुनै समय दिइएको थिएन, तर यो घोषणाले खतराको भावनालाई जोड दिएको छ किनकि केही कन्जरभेटिभ सांसदहरूले बोरिस जोनसनको उत्तराधिकारी भएको पाँच हप्तापछि मात्र नयाँ नेतालाई अपदस्थ गर्ने वातावरण बनाउन सांसदहरूलाई परिचालन गरेका थिए।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) की प्रमुख क्रिस्टालिना जर्जिएभाले 'सुसङ्गत' नीतिको खाँचोबारे चेतावनी दिएपछि क्वार्तेङले यसै साता वासिङ्टनमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको वार्षिक बैठक समापन गर्ने कार्यक्रम तय भएको थियो।

ट्रेजरीका एक प्रवक्ताले क्वार्टेङले अक्टोबर ३१ मा हुने 'आफ्नो मध्यम अवधिको वित्तीय योजनामा काम जारी राख्न' यात्रा कटौती गरेको पुष्टि गरे, ट्रसले बिहीबार आफ्नै वित्तीय सल्लाहकारहरूसँग उहाँको अनुपस्थितिमा हतारमा बैठकहरू गनुभएको थियो।

बेलायती प्रसारणकर्ताहरूले क्वार्टेङको ब्रिटिस एयरवेजको विमान हिथ्रो विमानस्थलमा अवतरण गरेको प्रत्यक्ष फुटेज देखाएसँगै सरकारी ऋणपत्रको प्रतिफल कम भएको छ।

## सेनालाई फेन्सिङमा पाँच स्वर्ण पदक

कास्की । पोखरामा जारी नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत फेन्सिङको पुरुष 'टिम इपि' खेल विधामा विभागीय नेपाली सेनाले स्वर्ण पदक जितेको छ । पोखरा रङ्गशालाको ब्याडमिन्टन कोर्टमा आज सम्पन्न फाइनल खेलमा सेनाले अर्को विभागीय टोली सशस्त्र प्रहरीको एपिएफलाई ४५-२८ अङ्कले पछि पार्दै स्वर्ण जितेको हो।

आर्मीका लागि यो फेन्सिङमा पाँचौँ स्वर्ण पदक हो। उपविजेता एपिएफले रजत पदक जित्दा आयोजक गण्डकी प्रदेश र बागमती प्रदेशले कास्य पदकमा चित्त बुझाए।

यही असोज २४ गतेदेखि सञ्चालन भएको फेन्सिङतर्फ छ खेल व्यक्तिगत र छ खेल टिम विधामा गरी १२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो।

फेन्सिङको अन्तिम अङ्क तालिका अनुसार सेना च्याम्पियन बनेको छ। सेनाले पाँच स्वर्ण, पाँच रजत र सात कास्यसहित १७ पदक जितेको छ। यसैगरी बागमतीले चार स्वर्ण, तीन रजत र एक कास्यसहित आठ पदक जितेर द्वितीय स्थानमा छ।

यसैगरी एपिएफ दुई स्वर्ण, चार रजत र सात कास्यसहित १३ पदका साथ तृतीय स्थानमा छ । सुदूरपश्चिम प्रदेश एक स्वर्ण र दुई कास्यसहित तीन पदकका साथ चौथो स्थानमा रहेका छन्। आयोजक गण्डकी प्रदेशले चार कास्य पदक जित्दै पाँचौँ स्थानमा रहदा प्रदेश नं १ ले तीन तीन कास्य पदकसहित पदक तालिकाको पुछारमा छ।रासस

## 'आइटिएफ तेक्वान्दो'का दुई सय ५० खेलाडी बागलुङमा

बलेवा । शुक्रबारदेखि सुरु हुने नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको 'आइटिएफ तेक्वान्दो'मा सहभागी हुन १० समुहका दुई सय ५० खेलाडी बागलुङ बजार आइपुगेका छन् । 'आइटिएफ तेक्वान्दो' प्रतियोगिता खेलाउन बागलुङको बाङ्गेचउरमा तयारी भएको छ।

खेलका लागि सात प्रदेश र तीन विभागीय समूहका खेलाडी बागलुङ बजार आएका हुन् । खेलको औपचारिक उद्घाटन भने शनिबार गर्ने योजना रहेको बागलुङ नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो। आइटिएफ तेक्वान्दो प्रतियोगिताका लागि बागलुङ नगरपालिकाको अगुवाइमा पूर्वाधार निर्माणको काम भइरहेको छ । बागलुङ नगरपालिका-१ को बाङ्गेचउर खेल मैदान नजिककैको कवर्ड हलमा खेल खेलाइने भएको हो।

खेलका लागि अफिसियलसमेत गरी तीन सय बढीको सहभागिता रहनेछ । तीमध्ये अधिकांश खेलाडी बागलुङ आइसकेको आइटिएफ महासङ्घका सचिव तथा बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो । खेलस्थलमा झण्डा, ब्यानरसमेत टाँगिएको छ । शनिबार उद्घाटन हुने कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम, झाँकी र भजनसमेत प्रदर्शन गरिने कार्यक्रम छ।

खेलाडी, खेलसँग सरोकार राख्ने, स्थानीय बासिन्दासमेतले खेल उद्घाटनका दिन बागलुङ बजारमा मार्चपाससमेत गर्नेछन्। सात प्रदेश, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी गरी नौ वटा टिमका दुई सय ५० खेलाडीले प्रतियोगतामा भाग लिनेछन्।

तेक्वान्दोमा ४५ स्वर्ण, ४५ रजत र ३० कास्य पदकका लागि प्रतिस्पर्धा हुने आइटिएफका सचिव राजु खड्काले बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा महिलातर्फ ४५ केजीदेखि ७० केजी र पुरुषतर्फ ५० केजीदेखि ८५ केजी तौल समूहका खेलाडीबीच प्रतिस्पर्धा गर्ने व्यवस्थापन मिलाइएको छ।

खेलका लागि सुरक्षा व्यवस्थासमेत पूरा भएको प्रजिअ रमेश ढकालले जानकारी दिनुभयो।रासस

## उपचारका क्रममा चार हजार पाँच सय स्वास्थ्यकर्मीको निधन

**सिन्ह्वा**

साओ पाओला। ब्राजिलमा कोभिड १९ विरुद्धको संघर्षका क्रममा कम्तीमा पनि चार हजार पाँच सय जनाको ज्यान गएको छ। जनस्वास्थ्यसम्बन्धी एक विश्व संस्थाले गरेको अनुसन्धानबाट यो तथ्य खुलेको हो।

सो संस्थाले गरेको अनुसन्धानबाट ब्राजिलमा कोभिड १९ को उपचारमा खटेका स्वास्थ्यकर्मीमा चार हजार पाँच सय जनाको ज्यान गएको पाइएको हो। पब्लिब सर्भिस् इन्टरनेशसन (पिएसआइ) ले गरेको एक विश्वव्यापी अनुसन्धानमा ब्राजिलमा मात्र चिकित्सक, नर्स र कोभिडको उपचारमा खटेका अन्य स्वास्थ्यकर्मीहरुमा चार हजार पाँच सयको ज्यान गएको पाइएको हो।



ती स्वास्थ्यकर्मीहरुको सन् २०२० को डिसेम्बरदेखि सन् २०२१ मा गरेर ज्यान गएको हो। यो समय ब्राजिलमा कोभिड १९ को एक उच्च तहमा महामारी पुगेको समय हो।

यसरी ज्यान जानेमा एक हजार एक सय ८४ जना नर्स रहेका छन्। उनीहरु ब्राजिलमा कोभिड १९ महामारी उच्च बिन्दु पुगेका बेला कार्यरत रहेका थिए। ब्राजिल कोभिड १९ बाट संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी मानिसहरुको निधन भएको देश हो। यहाँ छ लाख ८७ हजारजनाभन्दा बढीको ज्यान गएको छ।

कोभिडबाट सबैभन्दा बढी संक्रमित भएका देश भारत र अमेरिका हुन् । तर कोभिडबाहु भएको मृत्यु दर अमेरिका र ब्राजिलका तुलनामा भारतमा भने कम छ। पिएसआइले विश्वका एक सय ५४ देशका करिब तीन करोड स्वास्थ्यकर्मीमा यो अनुसन्धान गरेको जनाएको छ । यसका लागि सो संस्थाले स्वास्थ्यसम्बन्धी विश्वका सात सयजति ट्रेड युनियन संस्थाहरु पनि जम्मा पारेको बताएको छ।

## इराकको राष्ट्रपतिमा रशिद निर्वाचित



**एएनआई**

बग्दाद। इराकको राष्ट्रपतिमा कुर्द राजनीतिज्ञ अब्दुल लाटिफ रशिद निर्वाचित हुनुभएको छ । संसदमा शुक्रबार भएको मतदानपछि उहाँ राष्ट्रपतिमा निर्वाचित हुनुभएको सभामुखले घोषणा गर्नु भएको थियो । नयाँ राष्ट्रपति चयनका लागि संसदमा दुई पटक मतदान भएको थियो।

देशमा नयाँ राष्ट्रपति चयन गरिएसँगै इराकमा रहेको राजनीतिक गतिरोध अन्त्य हुन लागेको विश्वास गरिएको छ। नवनिर्वाचित राष्ट्रपति रशिदले वर्तमान राष्ट्रपति बर्हाम सालेहलाई विस्थापित गर्नुहुनेछ । रशिदले उहाँलाई नै पराजित गर्नु भएको हो।

मतदानमा सहभागी सांसदहरु मध्ये १६० जनाले नवनिर्वाचित राष्ट्रपति रशिदलाई समर्थन गरेका थिए भने ९९ जनाले सालेहलाई मतदान गरेका थिए। नयाँ राष्ट्रपति चयन गर्न इराकको संसद यसअघि दुई पटक सम्म असफल भएको थियो । अहिले ७८ वर्ष उमेर पुग्नु भएका रशिद यसअघि सन् २००३ देखि २०१० सम्म जलश्रोत मन्त्री हुनुभएको थियो।

## सडक दुर्घटनामा किर्गिस्तानमा सात जनाको मृत्यु

**सिन्ह्वा**

बिश्केक। दक्षिणी किर्गिस्तानको जलाल अबाद ओब्लास्टमा भएको सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको क्षेत्रीय यातायात सुरक्षा विभागले शुक्रबार जनाएको छ।

देशको उत्तर र दक्षिण जोड्ने बिश्केक-ओश राजमार्गको अला-बेल पासमा उक्त दुर्घटना भएको हो। दुई सवारीसाधन एक आपसमा ठोक्किँदा दुईजना घाइते भएका छन्।




यस वर्षको वर्षको शुरुदेखि किर्गिस्तानमा अहिलेसम्म ४,९७२ सडक दुर्घटनाहरू भएका छन् जसमा ४७७ जनाको ज्यान गएको छ।

## आठ महिनाको हडताल अन्त्य

**एएफपी**

लागोस । नाइजेरियाका विश्वविद्यालयका प्राध्यापकहरूले शुक्रबार तलब र अन्य सुविधाहरुलाई लिएर आठ महिनाको हडताल अन्त्य गरेका छन्।

युनिभर्सिटीको एकेडेमिक स्टाफ युनियन (एएसयुयु) ले गरेको हडतालले सरकारसँग युद्धविरामका लागि वार्ता गरे पनि फेब्रुअरी १४ देखि सङ्घीय सरकारको स्वामित्वमा रहेका विश्वविद्यालयहरू बन्द गरेको हो । एएसयुयुले ट्विटरमा विवरण नदिई 'हडताल स्थगित गरेको' घोषणा गऱ्यो । युनियनका वकिल फेमी फलानाले एएफपीलाई लामो समयदेखि बन्द हडताल अन्त्य गर्ने निर्णय बिहीबार ढिलो गरिएको बताइन्।




'निर्णय हिजो राती लिइएको थियो। एएसयुयुले आज बिहान अबुजामा एक प्रेस सम्मेलन गरी आधिकारिक रूपमा निर्णय घोषणा गर्नेछ।' नाइजेरिया, एक सङ्घीय इकाई, ३६ राज्यहरू र प्रशासनिक राजधानी अबुजा समावेश गर्दछ। पछिल्लो हडताल एएसयुयुद्वारा दोस्रो सबैभन्दा लामो थियो।

## इरानद्वारा फ्रान्सेली राष्ट्रपतिको आलोचना

**एएफपी**

तेहरान । इरानको सरकारले शुक्रबार फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनको टिप्पणीको निन्दा गरेको छ । राष्ट्रपति म्याक्रोनले महसा अमिनीको मृत्युमा आक्रोशित प्रदर्शनकारीहरूसँग ऐक्यबद्धता व्यक्त गरेको भन्दै आलोचना गरेको हो।

म्याक्रोनको टिप्पणी "हस्तक्षेपकारी" रहेको र "हिंसक मानिसहरू र कानून तोड्नेहरूलाई प्रोत्साहित गर्ने खालको रहेको," विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीले विज्ञप्ति जारी गर्दै टिप्पणी गरेका छन्।

## डुङ्गा डुब्दा आठ बालबालिकाको मृत्यु

**एएफपी**

नोमपेन्ह । कम्बोडियामा अंग्रेजी कक्षाबाट घर लैजाँदै गरेको डुङ्गा मेकोङ नदीमा डुब्दाँ कम्तीमा आठ बालबालिकाको मृत्यु हुनुको साथै अन्य तीन जना बेपत्ता भएका प्रहरीले शुक्रबार जनाएको छ।

सानो डुङ्गामा क्षमता भन्दा बढी व्यक्ति सवार रहेको कारण दक्षिणपूर्वी कान्डल प्रान्तमा आफ्नो गन्तव्यबाट करिब ५० मिटर टाढा डुबेकोस्थानीय प्रहरी प्रमुख एम थाउले एएफपीलाई बताउनु भएको छ ।

'यो दुखद दुर्घटना आठ विद्यार्थीको मृत्यु भएको छ र तीन विद्यार्थीहरू पानीमा डुबेर बेपत्ता छन्' थाउले भन्नु भएको छ। पीडितहरू १२ देखि १५ वर्षका रहेका जनाइएको छ। दुई वयस्क ,डुङ्गा सञ्चालक र दुई विद्यार्थीको उद्धार गरिएको उहाँले बताउनु भएको छ।

एक फेसबुक पोस्टमा, प्रधानमन्त्री हुनसेनले आफ्नो शोक व्यक्त गर्दै मेकोङको बढेको भारी बाढीको समयमा मानिसहरूलाई सतर्क रहन आग्रह गर्नु भएको छ।

डुङ्गा दुर्घटनाहरु दक्षिणपूर्वी एसियाली राष्ट्रहरूमा सामान्य छन् । नदीको किनारमा बस्ने मानिसहरू यातायातको प्रमुख साधनको रुपमा डुङ्गा रहेको छ।


## क्रिमिया पुल मर्मत जुलाई २०२३ सम्म पूरा गर्ने आदेश

**एएफपी**

मस्को। रुसी सरकारले रुसको मुख्य भूमिलाई संलग्न प्रायद्वीपसँग जोड्ने मस्कोको एक मात्र पुल विस्फोटबाट क्षतिग्रस्त भएपछि क्रिमिया पुलको मर्मत जुलाई २०२३ सम्ममा सम्पन्न गर्न आदेश दिएको छ।

मन्त्रिपरिषद्ले प्रधानमन्त्री मिखाइल मिशुस्टिनले हस्ताक्षर गरेको आदेशमा "क्राइमियन पुलको यातायात र इन्जिनियरिङ पूर्वाधारको ध्वस्त तत्वहरूको डिजाइन र पुर्नस्थापना' को जिम्मेवारी दिइएको कम्पनीलाई जुलाई १, २०२३ सम्ममा काम सम्पन्न गर्न आदेश दिएको छ।

## खेलाडीको भाग्य र भविष्य तय गर्ने महत्वपूर्ण अवसर



गण्डकी । पूर्व अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी गणेशबहादुर भट्टराई ३९ वर्ष अघि २०४० सालमा पोखरामा सम्पन्न दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिताको दर्शक हुनुहुन्थ्यो।

आज त्यही पोखरामा चार दशकपछि नवौँ राष्ट्रिय खेलकुदको भव्य समारोहबीच औपचारिक उद्घाटन हुँदैछ । तत्कालीन समयमा दर्शकका रुपमा रङ्गशालामा आउनुभएका भट्टराईलाई त्यही प्रेरणाले अन्ततः अन्तर्राष्ट्रिय खेलाडीका रुपमा स्थापित गऱ्यो।

निरन्तरको अभ्यास र लगावका कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका बक्सिङ प्रतियोगितामा आफूलाई अब्बल सावित गर्न सफल भट्टराई सन् १९९० मा पाकिस्तानमा सम्पन्न चौथो दक्षिण एशियाली खेलकुदका 'सिल्भर मेडलिस्ट' हुनुहुन्छ।

उहाँ सन् १९८९, १९९० र १९९१ मा लगातर बक्सिङमा राष्ट्रिय च्याम्पियन बन्नुभएको थियो । सन् १९८७ मा पहिलो पटक जुनियर राष्ट्रिय प्रतियोगितामा सहभागी भएका उहाँले पहिलो सहभागितामा नै जुनियर च्याम्पियनको उपाधि हासिल गर्दै स्वर्ण पदक जित्नुभएको थियो । सन् १९८८ मा पनि जुनियर राष्ट्रिय च्याम्पियनसीपमा उहाँले स्वर्ण पदक जित्नुभएको थियो।

नेपालले सन् १९९८ मा काठमाडौँमा भएको दक्षिण एशियाली खेलकुद(साग) मा दुई स्वर्ण, पाँच रजत र दुई कास्य पदक जित्दा उहाँ नेपाली टोलीको व्यवस्थापक हुनुहन्थ्यो। फुटबल खेलसँगसमेत संलग्न भट्टराईले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को केन्द्रीय सदस्य हुँदै उपमहासचिवसम्मको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

प्रत्येक राष्ट्रिय खेलकुद प्रतियोगिता खेलाडीको भाग्य र भविष्य निर्धाण गर्ने महत्वपूर्ण अवसरका रुपमा रहने भट्टराई बताउनुहुन्छ । "यस्ता प्रतियोगिताले राष्ट्रिय खेलाडी तयार गर्नका लागि विशिष्ट योगदान गर्दछन्", उहाँले भन्नुभयो, "प्रत्येक खेलाडीले प्रतियोगितामा आफूलाई योग्य सावित गर्दै खेल क्षेत्रको भविष्यका लागि अघि बढाउने यो महत्वपूर्ण अवसर हो।"

प्रत्येक युवालाई खेलमा आकर्षित गर्नु जरुरी रहेको उल्लेख गर्दै उहाँले राष्ट्रिय खेलकुद भइरहेको अवस्थामा पोखरा र आसपासका अभिभावकले आफ्ना बालबच्चालाई रङ्गशालामा ल्याएर खेल देखाउनुपर्ने बताउनुभयो । पछिल्ला समयमा युवा विद्यार्थीमा मोबाइलमा झुम्मिने लतका कारण सिर्जनात्मकतामा कमी आउँदै गएको र कतिपय लागुऔषध जस्ता दुर्व्यसनीमा फसिरहेको जनाउँदै उनीहरूलाई स्वस्थ राख्नका लागि खेलप्रतिको लगाव बढाउनु जरुरी भएको उहाँको भनाइ छ।

युवालाई अनुशासित बनाउन पनि खेलको महत्व रहेको उहाँले बताउनुभयो। नेपाली खेलकुदका क्षेत्रमा अझै धेरै विकृति विसङ्गति कायमै रहे पनि त्यसलाई हटाउँदै खेलको विकास गर्नु जरुरी रहेको उहाँको भनाइ छ।

पोखरामा हुँदै गरेको नवौँ राष्ट्रिय खेलकुदले ठूलो सङ्ख्याका खेलाडीको भाग्य र भविष्य तय गर्ने जनाउँदै उहाँले यो नयाँ राष्ट्रिय खेलाडी तयार गर्ने महत्वपूर्ण अवसर भएको बताउनुभयो । सात प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैर आवासीय नेपाली सङ्घ(एनआरएन) गरी कूल ११ टोलीबीच प्रतिस्पर्धा हुने नवौँ राष्ट्रिय खेलकुदमा एक हजारभन्दा बढी पदकका लागि प्रतिस्पर्धा हुने राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले जानकारी दिनुभयो।

यस राष्ट्रिय खेलकुदमा स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य छ सय पदकका लागि प्रतिस्पर्धा हुनेछ । यस राष्ट्रिय खेलकुदले धेरै खेलाडीका लागि उनीहरूको खेल जगतको सुनौलो भविष्यको मार्ग तय गर्ने उहाँले बताउनुभयो।रासस



**बिक्रीका लागी राखिएको माटाका सामाग्री** : दीपावली तथा छठ पर्व नजिकिएसँगै जनकपुरधामको पेठिया बजारमा बिक्रीका लागि राखिएको माटोबाट बनाइएको दियो तथा घैंटोलगायतका सामग्री। *तस्विर : रासस*

# कमजोर बन्दै नेपाली रुपैयाँ: अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च

काठमाण्डु। अमेरिकी डलरको मूल्यमा लगातार उकालो लागेको छ। डलरको तुलनामा नेपाली मुद्रा हालसम्मकै कमजोर बनेको छ। विश्व बजारमा अमेरिकी डलर बलियो भएसँगै नेपाली मुद्राको भाउ अवमूल्यन भएको हो।



नेपाली मुद्राको भारतीय रुपैयासँग स्थिर विनिमय दर रहेको छ। अमेरिकी डलर बलियो बनेसँगै भारुको मूल्य खस्कँदा त्यसको असर नेपाली मुद्रालाई पर्ने गरेको हो। यसले नेपाली मुद्रालाई थप कमजोर बनाएको छ। नेपाल राष्ट्र बैंकले आजका लागि तय गरेको मूल्यअनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३१ रुपैयाँ ४६ पैंसा रहेको छ भने बिक्रीदर एक सय ३२ रुपैयाँ छ पैसा तय गरिएको छ।

त्यस्तै युरोको खरिद मूल्य एक सय २७ रुपैयाँ ७७ पैसा र बिक्री मूल्य एक सय २८ रुपैयाँ ३५ पैसा रहेको छ। पछिल्लो समय अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दा मुलुकको अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने देखिएको छ। विप्रेषण आय, पर्यटन क्षेत्रको आय तथा निर्यात व्यापारमा भने डरल बलियो बन्दा अर्थतन्त्रमा सकारात्मक असर रहन्छ। तर, नेपालको वैदेशिक व्यापारमा निर्यातका तुलनामा आयात उच्च हुँदा त्यसको भुक्तानी डलरमा हुने र यसले व्यापार घाटा झनै बढ्ने हुन्छ।

जसले शोधनान्तरस्थिति र विदेशि मुद्रा सञ्चितिमासमेत नकारात्मक असर पार्छ। त्यस्तै डलरको भाउ बढ्ने वित्तिकै आयात हुने विदेशी सामानको मूल्य बढ्ने, इन्धनको मूल्य बढ्न सक्ने, नेपालले विदेशी ऋणको सावाँ र ब्याजको परिणाम डलरको भाउ बढेसँगै बढ्ने हुन्छ।रासस

# कञ्चनपुका किसानलाई धान काट्न चटारो

कञ्चनपुर। शुक्लाफाँटा नगरपालिका-३ का किसान रामकिसान चौधरीलाई धान काट्ने चटारो बढको छ। वर्षाको पानीले पाकेको धानबाली निथ्रुक्क भिजाएर नोक्सानी पुऱ्याएकामा उहाँ निकै चिन्तित हुनुहुन्छ।



"लगातारको एक सातासम्मको वर्षाले पाकेको धानबाली काटन पाएनौं", उहाँले भन्नुभयो, "धानको बोटमा लागेको बालामा भएका दाना उम्रिन थालेका छन, ढलेको धान पुरै उम्रिएर कामै नलाग्ने भएको छ।" वर्षभरी परिवारका लागि खानका लागि चाहिने धानबाली भित्र्याउनमै ध्येय रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "निर्वाचनका बेला उम्मेदवार गहकिला प्रतिबद्धता ल्याएर आउछन, चुनाव जितेर गएका किसानको अवस्था सोध्नका लागि पुग्दैनन्, किसानले समयमै रासायनिक मल, बीउ पाउदैनन्।"

धानबाली भित्र्याउन पाए वर्षभरीका लागि खान पुग्ने भएकाले पुरै परिवार धान काटनमै व्यस्त रहेको उहाँले बताउनुभयो। गत वर्ष धानबालीमा निकै नोक्सानी भयो, थोरै मात्र क्षतिपूर्ति पाइयो, यस वर्ष पनि गत वर्ष झैं नोक्सान भएको किसान तुलसीराम चौधरीले बताउनुभयो।

"धानबालीमा ठूलो क्षति भए पनि बीउ खरिदका लागि पुग्ने रकम क्षतिपूर्तिका रुपमा पाएनौं, धानबालीमा ठूलो क्षति व्यहोरेका किसानले एक हजार, दुई हजारमात्रै क्षतिपूर्ति पायौं, किसानको हित नसोच्ने उम्मेदवारलाई मत हाल्दैनौं", उहाँले भन्नुभयो।

"किसानका लागि मल, बीउ, सिँचाइ, तालिम, सहुलियत दरमा कृषि औजार उपकरण उपलब्ध गराउने उम्मेदवार रोजाइमा रहेका छन्", कृष्णपुर नगरपालिका-२ बाणीका किसान शोभा खुनाले भन्नुभयो, "काम गर्नेलाई मात्रै मत हाल्छौं।"

प्रतिनिधिसभा र प्रदेशसभामा पुगेर दरोरुपमा किसानका मुद्दा उठान गरी नीति बनाउन हैशियत राख्ने उम्मेदवारले मत पाउने उहाँको भनाइ छ। "विगतका चुनावमा किसानका मुद्दालाई निकै उठाइयो, राजनीतिक दलले चुनावी प्रतिबद्धतापत्रमा पनि ती कुरा उल्लेख गरे, काम गरेनन्", करन धामीले भन्नुभयो, "यसपटक पार्टीलाई हेर्दैनौं, काम गर्ने उम्मेदवारलाई हेर्छौं।"

"कृषिउपज बजारसम्म पुऱ्याउनका लागि गतिलो सडक नै छैन, विगतका चुनावमा मत माग्न आउने उम्मेदवारलाई समक्ष यस कुरालाई निकै जोडतोडका साथ उठाएका हौं", बेलौरीका किसान अशोक चौधरीले भन्नुभयो, "स्तरोन्नतिसमेत हुन सकेको छैन, सडक कालोपत्र गर्ने, उत्पादित कृषिजन्य वस्तुको बजार प्रवर्द्धनका लागि व्यवस्था गर्ने, कोल्डस्टोर स्थापना गर्नेलाई मत हाल्छौं।" उत्पादित कृषिजन्य वस्तुको बजार नपाउँदा निकै सस्तोमा बेच्नुपर्ने भएकाले सहजरुपमा किसानले मूल्य पाउनेगरी बजारको व्यवस्थाको माग गरिएको उहाँले बताउनुभयो।

निर्वाचन आयोगबाट उम्मेदवारको अन्तिम नामावली प्रकासनसँगै चुनाव चिन्ह पाएपछि उम्मेदवार चुनावी प्रचारमा जुटेका छन्। उम्मेदवारले चुनावी प्रचारप्रसारका लागि रणनीति तयार गर्ने, पार्टी कार्यकर्तासँग छलफल गर्ने कार्य पूरा गरेका छन्। प्रचारप्रसारका लागि मतदाताको घरदैलोमा पुग्नेक्रम सुरु भएको छ। जिल्लाका किसानले उम्मेदवारको प्रतिबद्धतापत्र मात्रै नहेरेर कार्य गर्ने हैशियत राख्ने उम्मेदवारलाई मत हाल्ने मनसाय जाहेर गरेका छन्।रासस


# जनचेतना अभावमा अण्डा खपत कम

चितवन। स्वास्थ्यका दृष्टिले महत्वपूर्ण प्रोटिनको स्रोत मानिने अण्डा जनचेतनाको अभावमा खपत कम भएको छ। अण्डामा गुणस्तरीय प्रोटिन, भिटामिन, खनिज तत्व, ठिक्क मात्रामा चिल्लो पदार्थ पाइने भएर पनि यसको खपत भने कम भएको हो।

विज्ञका अनुसार मानिस शरीरले सजिलैसँग शोषण हुने एकमात्र खाद्यवस्तु अण्डा हो। यसमा मुख्यरुपमा गुणस्तरीय प्रोटिन, भिटामिन ई, ए, के, बि १, बि २, बि ३, बि ६, बि ९, बि १२ खनिज तत्वहरु फोस्फोरस, पोटासियम, क्याल्सियम, म्याग्नेसियम, आइरनका साथै चिल्लो पदार्थ पनि ठिक्क मात्रामा पाइन्छ। यी तत्वले मान्छेको शरीरमा मांशपेशी र दिमागको पर्याप्त वृद्धि विकास, स्नायु र मुटुसम्बन्धी तथा अन्य शारीरिक र मानसिक कार्य समानरुपले चलाउन महत्वपूर्ण भूमिका खेल्दछ।

वरिष्ठ फिजिसियन डा महेन्द्र अग्रहरी प्रोटिनको सबैभन्दा राम्रो स्रोत अण्डा भएको बताउनुहुन्छ। अण्डामा प्रोटिन, क्यालोरी र मिनिरल्स पाइने उहाँको भनाइ छ। यो अण्डाको सेतो भागमा धेरै पाइन्छ। पहेलो भागमा कोलेस्ट्रोल र मिनिरल्स पाइन्छ। उहाँ बच्चालाई कोलेस्ट्रोल पनि चाहिने हुँदा पहेलो भाग खुवाउनुपर्ने बताउनुहुन्छ। कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप भएकालाई पहेँलो भाग नखान उहाँको सुझाव छ।

मादक पदार्थ धेरै खाएर प्रोटिनको मात्रा घटेका, कलेजोमा समस्या देखिएकाले प्रोटिन बढाउने मुख्य माध्यम अण्डा भएको डा अग्रहरीको भनाइ छ। उहाँले भन्नुभयो, "अण्डाले कलेजो र शरीरमा थिग्रिएको पानीलाई सोस्न सहयोग गर्छ।" बयस्क र बच्चाका लागि दैनिक कम्तीमा एउटा अण्डा खानुपर्ने उहाँको सुझाव छ।



शारीरिक विकास, मानसिक वृद्धि सबैमा अण्डा उपयोगी हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "मानिसलाई बुझाउन नसक्दा अण्डाको उपयोग कम छ।" यसका लागि उपयुक्त माध्यम जनचेतना नै भएको उहाँ बताउनुहुन्छ।

**मादक पदार्थ धेरै खाएर प्रोटिनको मात्रा घटेका, कलेजोमा समस्या देखिएकाले प्रोटिन बढाउने मुख्य माध्यम अण्डा भएको डा अग्रहरीको भनाइ छ। उहाँले भन्नुभयो, "अण्डाले कलेजो र शरीरमा थिग्रिएको पानीलाई सोस्न सहयोग गर्छ।" बयस्क र बच्चाका लागि दैनिक कम्तीमा एउटा अण्डा खानुपर्ने उहाँको सुझाव छ।**

विश्वको तुलनामा नेपालमा अण्डाको उपभोग निकै कम छ। नेपाल पशु चिकित्सक परिषद्का उपाध्यक्ष, वरिष्ठ पशु चिकित्सक डा सुवीर सिंह एशियाका मानिसले वार्षिक एक सय ८० अण्डा उपभोग गर्नुपर्ने भए पनि नेपालमा यो दर ६१ मात्रै रहेको बताउनुहुन्छ। जापानमा यो दर तीन सय ६२ रहेको उहाँले जानकारी दिनुभयो। मानिसमा आवश्यक जनचेतनाको अभावका कारण खपत बढ्न नसकेको सिंह बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "बेमौसमी काउलीभन्दा अण्डा सस्तो छ, तर बुझाउन नसक्दा खपत हुन सकेन।" प्रोटिनको मुख्य स्रोत अण्डा निकै सस्तो भएर पनि उपभोग बढाउन नसकिएको उहाँको भनाइ छ।

नेपालमा सबैभन्दा धेरै अण्डा उत्पादन गर्दै आएको दाउन्ने कर्पोरेटका कार्यकारी निर्देशक विनोद पोखरेल सरकारी तवरबाट अण्डाको महत्वका बारेमा आम नागरिकलाई बुझाउन नसक्दा खपत नबढेको बताउनुहुन्छ। निजी क्षेत्रले लागत मूल्य बढी भएकाले जनचेतनामूलक काम गर्न नसकेको भन्दै उहाँले नेपालमा आत्मनिर्भर यो व्यवसायलाई टिकाउनका लागि सरकारी तवरबाट काम हुनुपर्ने बताउनुभयो।

कोरोनाका बेला अण्डाको उपभोग निकै बढेको भन्दै उहाँले यसको महत्वका बारेमा आम नागरिकलाई बुझाउनुपर्ने बताउनुभयो। नेपालमा ठूला फार्म खुलेका जनाउँदै उहाँले व्यवसाय आत्मनिर्भर बनाउन सरकार र निजी क्षेत्र सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीको भनाइमा अहिले दैनिक ४८ देखि ५० लाख अण्डा उत्पादन हुँदै आएको छ। सङ्घमा आबद्ध फार्म मात्रै एक हजार दुई सय छन्। सङ्घमा दर्ता नभएका साना फर्म तीनगुणा बढी भएको उहाँ बताउनुहुन्छ। दुई लाखभन्दा बढीलाई प्रत्यक्ष र अप्रत्यक्षरुपमा रोजगारी यसले दिएको छ। समग्र पोल्ट्री क्षेत्रमा नेपालमा रु एक खर्ब ५० अर्बभन्दा बढी लगानी रहेको तथ्याङ्क छ। त्यसको झण्डै आधा अण्डा उत्पादन क्षेत्रमा लगाानी भएको उहाँले जानकारी दिनुभयो। यद्यपि उचित प्रचारप्रसारको कमीका कारण उपभोग बढाउन नसकिएको उहाँ बताउनुहुन्छ।

मानिसमा क्रयशक्तिमा कमि आउँदा प्राथमिकतामा अण्डा पर्न नसकेको उहाँको भनाइ छ। नागरिकलाई बुझाउन सकेमा मानवीय स्वास्थ्यका लागि अण्डाको खपत बढाउन सकिने केसी बताउनुहुन्छ।रासस

# ऊनका कपडाको माग नेपालमा भन्दा विदेशमा बढी

ढोरपाटन। अहिले पनि बागलुङको माथिल्लो क्षेत्रमा पुग्दा स्थानीयवासीले हापदुला, काम्लो, बख्खु, घुम (भेडाको ऊनबाट बनेको कपडा) लगाउने गरेको देखिन्छ। उच्च पहाडी क्षेत्रमा बाह्रै महिना चिसो हुने हुँदा यहाँका बासिन्दाले यस्ता कपडा लगाउने गरेका हुन्। घामपानी छेक्ने, वर्षौं टिक्ने र न्यानो हुने हुँदा उनीहरुले ऊनको कपडा बढी प्रयोग गर्छन्। यहाँका अधिकांश स्थानीयवासीले सयौंको सङ्ख्यामा भेडापालन गर्ने हुँदा उनीहरुले ऊनबाट कपडा बनाउने पनि गर्दै आएका छन्।



निसी, भुजी र तमान क्षेत्रमा बढी प्रख्यात भेडाका कपडा विदेशसम्म पनि पुग्ने गर्छ। कपडा र मासु दुवैका लागि भेडा उपयुक्त हुनेहुँदा भेडापालकले राम्रो आम्दानीसमेत गर्दै आएका छन्। मासु स्थानीयस्तरमै बिक्री हुने गरे पनि त्यसबाट बन्ने कपडा देशविदेशमा निर्यात हुने गर्दछ। ऊनबाट बन्ने कपडाको माग नेपाली बजारमाभन्दा विदेशमा बढी हुने गरेको उनीहरुको भनाइ छ। युवापुस्तामा ऊनबाट कपडा बुन्ने सीप नभए पनि बुढापाकाले भने निरन्तरता दिँदै आएका छन्।

तमानखोला गाउँपालिका- ३ तमान गाउँकी छलीमाया बुढाथोकी ६६ वर्षको हुनुहुन्छ। उहाँले अहिले पनि चर्खामा ऊन घुमाउने र काम्लो, हापदुलालगायत भेडाको रौंबाट कपडा बनाउँदै आउनुभएको छ। ऊनबाट बन्ने कपडा सानैबाट बनाउन सिक्दै आउनुभएकी छलीमायाले यो सीप आमाबाट सिक्नुभएको हो तर अहिलेका पुस्ताले यसप्रति चासो नराखेको उहाँको गुनासो छ।

"मैले सानैदेखि बुन्दै आएको हुँ, सानोमा आमाले बुनेको देखेँ, गाउँमा छरछिमेकीले पनि बुन्ने गर्थे, त्यसपछि मैले पनि बुन्न थाले, अहिलेसम्म बुन्दै छु, हात चल्दासम्म बुन्छु नै", छलीमाया भन्नुहुन्छ, "अहिलेका युवापुस्ताले यस्ता काम गर्ने जान्दैनन्, चासो पनि दिँदैनन्, भेडाबाख्रा पाल्नै छोडे, हाम्रो सासपछि यो सबै हराएर जान्छ होला, मैले नातिनातिनीलाई सिकाउन धेरै खोजेँ तर चासो दिएनन्।" आफूहरु सानो हुने बेला सिरक, डसना र कपडा नहुने भन्दै भेडाको रौंबाटै डसना र सिरक बनाएर प्रयोग गरेको स्मरण छलीमाया गर्नुहुन्छ।

"हामी सानोसानो हुँदा गाउँमा कपडा पाइँदैनथ्यो, अहिलेको जस्तो सिरक, डस्ना भन्ने बजारबाट आउँदैनथे, गाउँमै बाउआमाले भेडाको रौंबाटै बनेका घुम, काम्लो प्रयोग गर्नुपर्थ्यो, कपासको कपडा त धेरैपछि आएको हो हाम्रो ठाउँमा", उहाँ भन्नुहुन्छ, "अहिले सबै कपासबाट बनेका सिरक डस्ना ओड्ने दोछ्याउने गर्छन्, त्यसले गर्दा पनि नयाँपुस्ताले ऊनबाट बन्ने कपडा बनाउन छोडे, यता तिर बिक्री पनि हुन छोडे, बरु विदेशतिर बढी जान्छ।"

ढोरपाटन-९ की फूलकुमारी पुनमगर अहिलेका पुस्ताले परम्परागत सीप नसिकेकामा चिन्तित हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "जमाना फेरियो, चाल चलन फेरियो, मान्छेको आनीबानी फेरियो, त्यसले गर्दा पुराना कला र सीप पनि फेरिए। हाम्लेजस्तो काम अहिलेकाले गर्नै छोडे, मैले पहिले महिनामा दुईदेखि चार वटासम्म बख्खु बुन्ने गर्थे, अहिले प्रयोग कम हुँदै गएपछि मैले बुन्न पनि छोडेँ।"

रौंबाट बन्ने कपडा नेपालमाभन्दा विदेशमा बढी माग हुने गरेको फूलकुमारीको भनाइ छ।

"पछिल्लो समयमा भेडापालन गर्नेको सङ्ख्यासमेत घट्दै गएपछि ऊनको आपूर्ति नहुने हुँदा कम मात्रै उत्पादन हुने गरेको छ" उहाँ बताउनुहुन्छ, "काम्लो, हापदुलाको माग अहिले नेपालमा निकै कम छ तर विदेशमा निकै बढी छ, मूल्य पनि राम्रो मिल्ने गर्छ, अहिले गाउँमा भेडा पाल्ने पनि घटे त्यही भएर ऊनको व्यवस्थापन गर्न पनि गाह्रो हुँदै आएको छ।"

पहिले एक जनाले कम्तीमा दुई सयदेखि चार सयसम्म भेडा पाल्ने गरेकामा अहिले गाउँका केही व्यक्तिले मात्रै भेडा पाल्ने गरेको फूलकुमारीको भनाइ छ। "उतिबेला गाउँका धेरै मान्छेले भेडाबाख्रा पाल्ने गर्थे, एउटा व्यक्तिले कम्तीमा दुई सयदेखि चार सय भेडा पाल्थ्यो, कपडा पनि बनाउने, मासुका लागि पनि बेच्ने गर्थे, अहिले त मासु खानका लागि मात्रै थोरै पाल्ने गर्छन्", उहाँ बताउनुहुन्छ, "पछिपछि त भेडापालन गर्ने मान्छे भेट्टाउनै मुस्किलपर्ने छ, भेडा पनि लोप हुन लागेका छन्।"

ऊनबाट बुनेको कपडाको मूल्य न्यूनतम रु सात हजारदेखि रु ५० हजारसम्म पर्ने गरेको स्थानीयवासीको भनाइ छ। न्यानो र पानीसमेत छेक्ने हुँदा यसको माग बढ्ने गरेको निसीखोला गाउँपालिका- ५ की पुतली विक बताउनुहुन्छ। पछिल्लो समय ऊनका कपडाको उत्पादन कम हुँदै गएकाले मागसमेत घटेको र आधुनिक प्रविधिका बजारमा आउने आयातित कपडाले गर्दा ऊनका कपडा ओझेलमा परेको उहाँको भनाइ छ।

स्थानीयस्तरमा भएका सीप पहिचान गरी गाउँपालिकाले नयाँ पुस्तालाई सिकाउन सके वर्षौंसम्म ऊनका कपडा उत्पादन हुने र स्थानीयवासीले पनि राम्रो आम्दानी गर्न सक्ने उल्लेख गर्दै पुतली स्वदेशमा बढीमा रु ३० हजारसम्म पर्ने ऊनको कपडालाई विदेशमा रु ५०हजारदेखि रु एक लाखसम्मपर्ने बताउनुहुन्छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको

## हकदावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. सिंग्याही मडान वडा नं. ३ हाल कमला न.पा. वडा नं. ७ मा बस्ने ठकाई राउत यादवको नाती मोहीत राउतको छोरा पल्टु राउत यादव र भौली राउत यादव समेत जना २ दुईले हाम्रो बुवा मोहित राउत अहिरको नाउँमा सिंग्याही भद्राही वडा नं. ८ किता नं. २३६ क्षे. ०-२-१०-० अर्को ज.ध. पुर्जामा हरिनेको गा.वि.स. अन्तर्गत र सिंग्याही मडान गा.वि.स. अन्तर्गत तपसिलमा उल्लेखित जग्गाको ज.ध. महलमा कोकाई राउत यादव उल्लेख भएको व्यक्ति कोई अन्य व्यक्ति नभै हाम्रो बुवाको नाम नै कोकाइ राउत रहेको हुनाले ज.ध. मोहित राउत अहिर भन्ने कोकाइ राउत यादवको आफ्नो कालगतिले मृत्यु भै हकखाने पत्नी घुटरी देवीको आफ्नो कालगतिले मृत्यु भै हकखाने दुई छोरा रहेकोमा जेठा छोरा भौलि राउत यादव र कान्छा छोरा पल्टु राउत यादवले हामी दुई दाजु वाहेक अन्य कोही नरहेको हुनाले हाम्रो बुवा मोहित राउत अहिर भन्ने कोकाई राउत यादवको नामबाट हामीहरुको नाउँमा संयुक्त नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसार को मोहित राउत अहिर र कोकाइ राउत यादव एउटै व्यक्ति हो भनी कमला नगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ३०२ मिति २०७९/०६/०७ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको। यसमा जग्गा धनी मोहित राउत अहिर र कोकाइ राउत यादव दुवै नाम गरेको जग्गा धनि एकै व्यक्ति हो वा अलग-अलग व्यक्ति हो? अलग अलग व्यक्ति भएको भए हकखाने हकदारले ज.ध. मृत्यु पश्चात हकखाने यी निवेदिकाहरु वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिछेद ११ को दाफा २३९ (१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वाड नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | सिंग्याही भद्राही | ५ख | २७३ | ०-१-२-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ५ख | २६२ | ०-६-४-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ५ख | २५९ | ०-३-१२-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ५ख | २४१ | ०-४-४-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ५ख | २५७ | ०-३-२-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ६ | ३३ | ०-९-५-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ६ | २९ | ०-२-५-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ७ | २५३ | ०-६-१८-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ८ | २३६ | ०-२-१०-० | मोहिर राउत अहिर |
| धनुषा | सिंग्याही भद्राही | ८ | ६९ | ०-०-१८-० | कोकाइ राउत कोइरी |
| धनुषा | सिंग्याही भद्राही | ८ | ६० | ०-१-१५-० | कोकाइ राउत कोइरी |
| धनुषा | हरिने | ९ख | ११४ | ०-२-१०-० | कोकाइ राउत कोइरी |
| धनुषा | हरिने | ९ग | १५ | ०-४-१८ | कोकाइ राउत कोइरी |

# लड्डू खाएर हंसराज एमालेमा पाँच बर्षमा तीन पार्टीमा



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका चर्चित मिठाइ व्यवसायी हंसराज एमालेमा प्रवेश गरेका छन् । उनलाई नेकपा एमालेका धनुषा निर्वाचन क्षेत्र नम्वर ३ का प्रतिनिधिसभाका उम्मेदवार जुली महतोले फूलमाला लगाएर लड्डू खुवाइ पार्टी प्रवेश गराएका छन् ।

२०७४ को स्थानीय तहको निर्वाचनमा तत्कालीन मधेशी जनअधिकार फोरम लोकतान्त्रिकमा प्रवेश गरेर मेयरको टिकट लिएर चुनाव लडेका हंसराज निर्वाचनमा पराजित भएसंगै उनी नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । उनलाई नेपाली कांग्रेसका तत्कालीन उप-सभापति विमलेन्द्र निधिले पार्टी प्रवेश गराएका थिए । पार्टीमा निष्कृय रहदै आएका हंसराजले नेपाली कांग्रेस परित्याग नगरे पनि शुक्रबार नेकपा एमालेमा प्रवेश गरेका छन् ।

करिव पाँच वर्षको राजनीतिक अवधिमा उनले तीनवटा पार्टी परिवर्तन गरिसकेका छन् भने उनलाई पार्टीमा ल्याउनका लागि ठूल ठूला नेताहरुको चाहना हुने गरेको छ ।

मिठाइ पसलले चर्चामा आएका हंसराजले कमाएको सम्पत्तिलाई सुरक्षित गर्नका लागि शक्तिशाली नेताहरुको शरणमा पुग्ने गरेको जानकारहरु बताउँछन् ।

धनुषा निर्वाचन क्षेत्र नम्वर ३ मा अहिले पाँच दलीय गठबन्धनका उम्मेदवार अनिलकुमार झा र नेकपा-जसपा गठबन्धनका उम्मेदवार जुली महतोबीच प्रतिस्पर्धा देखिएका कारण हंसराज एमाले तिर ढल्केको जानकारहरु बताउँछन् ।

स्रोतका अनुसार पार्टी प्रवेश कार्यक्रममा ल्याइएको लड्डू पनि हंसराजले नै ल्याएको र नेतृ महतोलाई खुवाएर खुस पारेका थिए । अहिले जनकपुरधाम बजार क्षेत्रमा हंसराजको पार्टी परिवर्तनको माहिर खेलाडी भनेर चिन्हिन थालेको छ ।

# हरिशंकरले त्यागे कांग्रेस




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको निर्वाचन क्षेत्र नम्बर-३ (ख) का प्रदेशसभा सदस्य पदका स्वतन्त्र उम्मेदवार हरिशंकर साहले नेपाली कांग्रेस परित्याग गरेका छन् । बिहीबार पत्रकार सम्मेलन आयोजना गरी उनले कांग्रेस छाडेको घोषणा गरेका छन् ।

नेपाली कांग्रेसले बागी उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता लिए पार्टीले कारवाही नगर्ने बताएपछि उनले आफ्नो उम्मेदवारी अब कुनैपनि हालतमा कायमै रहने दाबी गर्दै पार्टी नै परित्याग गरेका छन् ।

स्वतन्त्र उम्मेदवार साहले आफूले कांग्रेससँगको चार दशकभन्दा लामो साइनोलाई जोखिममा राखेर आफ्नो उम्मेदवारी कायमै राख्ने निर्णय गरेको बताए ।

पुराना कांग्रेसी नेता साहले कांग्रेसले पाँचदलीय गठबन्धनका कारण आफूलाई निर्वाचनमा उम्मेदवार बन्नबाट बञ्चित गरेकोले आफू पनि गठबन्धनको निर्देशनलाई नमान्ने निर्णयमा पुगेको जिकिर गरे ।

उनले भने, 'सत्ता गठबन्धनको निर्देशनलाई अब कुनैपनि हालतमा मान्दिन । धनुषा ३ को 'ख' बाट मेरो उम्मेदवारी अब कायमै रहन्छ । जनताले साथ र सहयोग गर्नुहुनेछ भने मलाई पूर्ण विश्वास छ ।'

साहले क्षेत्रीय कमिटीबाट आफ्नो एकल नाम सिफारिस भए पनि अन्तिम समयमा आएर कांग्रेसले आफूलाई धोका दिएको आरोपसमेत लगाए । उनले कांग्रेस कार्यकर्ता तथा शुभचिन्तकहरुको दबाबमा आफूले स्वतन्त्र उम्मेदवारी दिएकाले अब कुनै पनि हालतमा पछि नहट्ने र आफ्नो जित सुनिश्चित रहेको दाबीसमेत गरे । उनले अघि थप्दै भने, 'म अब ब्याक हुँदिन, मेरो जित सुनिश्चित छ ।'

आफू स्वतन्त्र निर्वाचित हुँदा जनताको प्रतिनिधिको रुपमा पनि स्वतन्त्र नै रहने र जनताको म्याण्डेटबिना कुनै पनि हालतमा विश्वासघात नगर्ने दाबीसमेत उनले गरे । उनले गठबन्धनको भ्रमजाललाई चिर्न आफ्नो उम्मेदवारी रहेको बताए । २०३६ सालमा जनकपुरधामस्थित राराब क्याम्पसबाट राजनीतिक गतिविधिमा संलग्न बनेका साह २०३८ सालमा नेविसंघका सेक्सन सदस्य बनेका थिए ।

नेविसंघमा आवद्ध रहँदा २०४२ सालको सत्याग्रहका क्रममा ११ दिन प्रहरी हिरासतमा बसेका साहले प्रजातन्त्र पुनरस्थापनाका लागि २०४६ सालमा भएको जनआन्दोलनमा पनि सक्रिय सहभागिता जनाएका थिए ।

# कहाँ गयो मधेशवाद ?

असोज २३ गते प्रतिनिधिसभा र प्रदेशसभाका लागि उम्मेदवारी दर्ता गराउने दिन थियो । दलका नेता तथा स्वतन्त्र उम्मेदवारहरु आ-आफ्ना क्षेत्रबाट उम्मेदवारी दर्ता गराउनु भयो । धनुषामा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराउने ९६ जनामध्ये एक थिए-सत्ता गठबन्धन दलबाट धनुषा ३ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अनिल कुमार झा । झा स्वर्गीय गजेन्द्रनारायण सिंहका सहयात्री थिए । उनले स्वर्गीय सिंहबाटै मधेशवादको दीक्षा प्राप्त गरेका थिए । स्वाभावतः उनलाई मधेश,मधेशी र मधेशवादको बारेमा राम्ररी थाहा हुनु पर्ने हो । यिनै अनिल झासंग मैले सोधेको थिए - कहाँ गयो मधेशवाद ?

एक छिनको चुप्पीपछि उनले भने- मधेशवाद स्थापना गर्ने, मधेशको लागि आन्दोलन गर्ने हामी नै पहिला हौं । गजेन्द्रबाबूका सच्चा अनुयायी हामी नै हौ । अनि उनले तत्कालीन समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीबीचको एकताबारे पनि बेलि विस्तार सुनाए-'जब एउटा मधेशवादी पार्टी(जसपा) फूटको कगारमा थियो । पार्टी एकता गरेर हामीले त्यो दल र यिनका नेता( उपेन्द्र यादव)लाई जोगायौं तर उनै नेताले हाम्रा शीर्ष नेताहरुलाई ६ महिना नबित्दै पार्टीबाट निष्काशन गरे ।'

अनिल झाजीले दिई रहनु भएको भाषण मेरो सवालको जवाफ थिएन । उनी यतिकैमा रोकिनु भएन । दार्शनिक जस्तै राजनीतिको एउटा सिद्धान्त पनि सुनाउनु भयो -'राजनीतिमा प्वाईन्ट अफ नो रिटर्न हुँदैन ।' आफूहरु मधेशीशक्तिसंग मिलेर जान तयार रहे पनि प्वाईन्ट अफ नो रिटर्न अनि सिके राउत नेतृत्वको राजनीतिक पार्टीलाई उदण्ड शक्तिको संज्ञा दिएर दुबै समगोत्रीसंग सहकार्य गर्न नसक्ने संकेत गर्नु भयो - मधेशवाद गजेन्द्रबाबूको लाईन हो । जसमा उदण्डताको स्थान छैन । निषेध गरिन्न । अनशन बसेर मांग पूरा गराइन्छ ।'

वल्ल मैले आफ्नो जिज्ञासाको आंशिक जवाफ पाए । मधेशवाद गजेन्द्रबाबूको पथ हो । यसमा हिंसाको स्थान छैन । यो सत्य हो । गजेन्द्रबाबू आफै कुटिनु भयो । लछार पछारमा पर्नु भयो तर अहिंसा परमोधर्म : भन्दै आफ्नो मार्गमा अडिग रहनु भयो । नमन गजेन्द्रबाबू । तर मुलुकमा संविधान जारी भइ रहदा सिंगै मधेशलाई कांग्रेस,एमाले र माओवादी विरुद्ध उचाल्ने जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी आज कहाँ छन् ? चलु जनकपुर भरु जनकपुरको नारा लगाउँने को थिए ? चलु मलेठ , भरु मलेठ भन्दै उफ्रिने को थिए ? आज यी शक्तिहरु कोसंग सहकार्य गर्दै छन् ? जोसंग मिलेर आन्दोलन गरियो । शहादत दिइयो । जोसंग भाषा,संस्कृति मिल्छ । जसका सुख र दु:ख समान छन् । राजनीतिशास्त्रले त्यस्तो शक्तिलाई मित्रशक्ति भन्छ । यस्तो शक्तिसंगको गठबन्धनलाई प्राकृतिक गठबन्धन भन्छ तर जसको विरुद्ध आन्दोलन गरियो । आन्दोलनको क्रममा शहादत दिइयो । जो अझै पनि मधेश र मधेशीको हित विरुद्ध षडयन्त्र गर्दै छ । त्यस्तासंगको गठबन्धन अप्राकृतिक गठबन्धन हो । मलाई लाग्छ - मधेशवादले पनि यही भन्छ होला ?

नागरिकता समस्या देशका स्थायीसत्ताद्वारा सिर्जित राजनीतिक समस्या हो । यस विषयमा कांग्रेस,एमाले,माओवादी केन्द्र र राप्रपा लगायतका सम्पूर्ण पार्टीहरुको लगभग समान विचार छ । सत्ताका स्थायी खेलाडीहरुले चाहेको भए संविधान जारी भएको सात वर्षमा यो समस्या समाधान नहुने कुरै थिएन । लगभग दुई तिहाई बहुमतको केपी सरकार सुरुका दुई वर्ष नागरिकता विधेयक किन ल्याएन ? प्रष्ट बहुमत हुँदा हुँदै आफ्नै लाइनमा किन पारित गराएनन् ?संसद विघटनको सिफारिस गरेर अध्यादेशमार्फत किन नागरिकता समस्या समाधान गर्न चाहे ? शेरबहादुर देउवा नेतृत्वको सरकार गठन हुने वित्तिकै नागरिकता विधेयक किन ल्याएन ? संसदको अवधि समाप्त हुने बेला किन ल्याए ? संविधानले प्रष्ट बोलेको छ । दोश्रो पटक दुबै संसदबाट पारित भइ गएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्ने पर्छ तर भएन । यस विषयमा प्रमुख प्रतिपक्षी एमाले राष्ट्रपतिको पक्षपोषणमा किन उत्रे ? नेपाली कांग्रेस किन रक्षात्मक भए ?

समस्या वीज जस्तै हो । जो आफू अनुकूल वातावरणको पर्खाइमा हुन्छ । वातावरण अनुकूल हुने वित्तिकै सर्लक्कै विरुवाको रुपमा विकसित हुन्छ । मधेश र मधेशीकोमात्र होइन, मुलुकका आदिवासी जनजाति, महिला, अल्पसंख्यक, मुस्लिमलगायतका जात जाति, वर्ग र सम्प्रदाय अझै पनि समस्याग्रस्त छन् । पारम्परिक भनिएका नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र तथा वैकल्पिक शक्ति भनिने लोसपा र जसपाले धनुषामै तोकेका उम्मेदवार हरुको अनुहार हेर्नोस् - उम्मेदवारहरुको सूचीमा कति जना महिला अटाएकी छन् ? कति जना दलित,मुसलिम र अल्पसंख्यक समुदायका मानिस अटाएका छन् ?

मधेशवाद भनेको समानताको खोजी हो । समानुपातिकताको खोजी हो । आफ्नो भाषा, साहित्य, कला,संस्कृतिसंगै पहिचानको ग्यारेन्टी गराउने वाद हो । उम्मेदवारहरुको सूची हेर्दै आज मलाई भन्न मन लागेको छ - कहाँ गयो मधेशवाद ??

ब्लग :



श्यामसुन्दर शशि

> मधेशवाद गजेन्द्रबाबूको पथ हो । यसमा हिंसाको स्थान छैन । यो सत्य हो । गजेन्द्रबाबू आफै कुटिनु भयो । लछार पछारमा पर्नु भयो तर अहिंसा परमोधर्म : भन्दै आफ्नो मार्गमा अडिग रहनु भयो । नमन गजेन्द्रबाबू । तर मुलुकमा संविधान जारी भइ रहदा सिंगै मधेशलाई कांग्रेस,एमाले र माओवादी विरुद्ध उचाल्ने जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी आज कहाँ छन् ?

# 'जनताको मन र मत दुबै हामीसंग छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार जुली कुमारी महतो र धनुषा ३ (ख)का प्रदेश सभा सदस्यका उम्मेदवार दीपेन्द्र ठाकुर संयुक्त रूपमैं घर दैलो कार्यक्रममा व्यस्त देखिएका छन ।

शुक्रबार जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ५ मा नेकपाका उम्मेदवारद्वय महतो र ठाकुर आफ्नो गठबन्धनको लागि भोट माग्न व्यस्त देखिएका थिए ।

वडाको महावीर चोक हनुमान मन्दिरदेखि उत्तरको क्षेत्रमा बिहानैदेखि आफ्नो पार्टीका सयौं नेता कार्यकर्ताकासहित घरदैलो कार्यक्रम गरेका थिए । पछिल्लो समय नेकपा गठबन्धनका उम्मेदवारद्वय महतो र ठाकुर धनुषा ३ (ख) मा घरदैलोलाई निरंतरता दिदै आएका छन ।

जनकपुरधामको शहरी क्षेत्र एकदमै महत्वपूर्ण र बौद्धिक क्षेत्र भएको कारण नै विशेष प्राथमिकता दिएर आफूहरु घरदैलोलाई निरंतरता दिएको प्रदेशसभा सदस्यका उम्मेदवार दीपेन्द्र ठाकुरले बताए ।

ठाकुरले भने ,'हामी आफ्नो गठबन्धनका तीनै जना पालैपालो धनुषा (१) र (२)मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेता जुली महतोसंग समूहगत रूपमैं घरदैलो कार्यक्रमलाई अगाडि बढाइ रहेका छौं ।



# पाँच दलीय गठबन्धनको ढल्केवरमा चुनावी प्रचार प्रसार कार्यालय उद्घाटन



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केवरमा सत्तारुढ दलसहित पाँच दलीय गठबन्धनको चुनावी प्रचार प्रसारका लागि कार्यालय उद्घाटन गरिएको छ ।

शुक्रबार एक समारोहकाबीच धनुषा क्षेत्र नं.४ प्रतिनिधिसभा र प्रदेशसभा (ख) का लागि सो कार्यालय उद्घाटन गरिएको छ ।

चुनावी प्रचार प्रसारका लागि सो कार्यालयको उद्घाटन पाँच दलीय गठबन्धनका प्रतिनिधिसभाका साझा उम्मेदवार रहेका कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव र धनुषा-४ (ख) का प्रदेशसभा सदस्यका उम्मेदवार नेकपा एकीकृत समाजवादीका सत्रुधन महतोले संयुक्त रुपमा गरेका छन् ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्यका उम्मेदवार यादवले संघीयता विरोधी र प्रतिगमनकारीलाई परास्त गर्न पाँच दल एकजुट भएर चुनावी प्रतिस्पर्धामा उत्रेको बताए ।

उनले संघीयता बचाउन, गणतन्त्र र संविधानको रक्षाका लागि पाँच दलीय गठबन्धनका साझा उम्मेदवारलाई जिताउन मतदाताहरुलाई आग्रह गरे ।

कार्यक्रममा प्रदेशसभा सदस्यका उम्मेदवार सत्रुधन महतोले गठबन्धनको जित सुनिश्चित रहेकोमा आफू विश्वस्त रहेको बताए ।

स्थानीय तहको निर्वाचनको मत परिणामले नै गठबन्धनको जित सुनिश्चित देखाइसकोले संस्दीय चुनावमा पनि आफूहरुको गठबन्धन नै जित्ने उनले ठोकुवा गरे ।

# फरार रहेका मिटर ब्याजी साहलाई पक्राउ गर्न माग



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको खडक नगरपालिका - ७ कल्याणपुरका मिटरब्याजी रामदेव साहलाई पक्राउ गर्न माग गर्दै शुक्रबार राजविराजमा पीडितहरुले प्रदर्शन गरेका छन् ।

स्थानीय शिवमन्दिर प्रांगणमा भेला भएका पीडितहरुले मिटरब्याजी साहलाई अविलम्ब पक्राउ गर, मिटरब्याज लिएर गरिब असहायलाई उठिवास गराउने साहुकार साह परिवारलाई कारवाही गर लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

बजार क्षेत्र परिक्रमा पश्चात् जिल्ला प्रहरी कार्यालय पुगेर पीडितहरुले करिब एक घण्टा नाराबाजी समेत गरेका थिए ।

मिटरब्याजी प्रकरण अन्तर्गत ठगी तथा आपराधिक विश्वासघात मुद्दाका फरार प्रतिवादी रहेका साहलाई पक्राउ गर्न विगत तीन महिनाको अवधिमा पीडितहरुले शुक्रबार १३ औं पटक प्रदर्शन गरेका छन् ।

यस अघि मिटरब्याजी साहबाट पीडित भएकाहरुद्वारा गठित संर्घष समितिले १२ पटक उनको पक्राउको माग गर्दै राजविराजमा प्रदर्शन गरिसकेका छन् ।

यता साहका छोरा नन्दकिशोर र छोरी अनुराधा भने तीन महिना अघि नै पक्राउ परी ठगी तथा आपराधिक विश्वासघात मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि राजविराज कारागारमा छन् ।

सो मुद्दामा फरार रहेका साहलाई खोजी गर्न प्रहरीले लागिपरे पनि हालसम्म फेला नपरेको र लुकेर वसेको हुन सक्ने सम्भावित स्थानहरुमा खोज तलास कार्य जारी राखेको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले बताएका छन् ।

साह परिवारमाथि जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण र ब्याज चुक्ता गरिसके पनि धितो फिर्ता नगरेको आरोप छ ।

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि. ढल्केवर
मि.न.पा.–६, ढल्केवर
२०६४

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.ढल्केवरको पन्द्रहौं वार्षिक साधारण सभा यहि मिति २०७९/०६/३० गते आइतबारका दिन दिउँसो १.00 बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको प्राङ्गणमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण वचतकर्ता, ऋणी तथा शेयर सदस्यज्यूहरुलाईउपस्थितभई दिनहुन अनुरोध गर्दछु ।

अध्यक्ष
मो.नं.९८५४०२६७२९
(ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.)
मि.न.पा.–६, ढल्केवर

खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं ।
भूमिको अधिकतम उपयोग गरौं ।
कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुयाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८